मण्डनदेउपुर नगरपालिका

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

आर्थिक वर्ष २०८१/०८२

" देउपुर र मण्डन - कृषि र पर्यटन "

प्रतिवेदन प्राप्त गर्ने निकाय

मण्डनदेउपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय काभ्रेपलाञ्चोक
बागमती प्रदेश

प्रतिवेदन तयारी तथा पेश गर्ने

नवीनचन्द्र घिमिरे

हार्दिक आभार

मण्डनदेउपुर नगरपालिकाको आयोजनामा सम्पन्न ***"मण्डनदेउपुर नगरपालिकाको लैस-अ-सास परीक्षण (GE-D-SI Audit)"*** कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने उपप्रमुख श्री विष्णुमणि नेपाल, प्रमुख प्रशासकीय अधिकृत श्री अमृत कुमार धिताल, वडा अध्यक्षहरू तथा कार्यपालिका सदस्यहरू, कार्यक्रमलाई संयोजन गर्नुहुने महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख श्री जानकी देवी मिश्र लगायत यस कार्यमा प्रत्यक्ष परोक्ष सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सम्बद्ध व्यक्तिहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद !

नवीनचन्द्र घिमिरे

लैस-अ-सास परीक्षण
सहजकर्ता

विषय तालिका

भाग-१ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा १

१.१ पृष्ठभूमिः १

१.२ मण्डनदेउपुर नगरपालिकाको संक्षिप्त परिचय १

१.३ तथ्याङ्कीय आँकडामा मण्डनदेउपुर नगरपालिकाको लैस-अ-सास २

१.४ लैस-अ-सास परीक्षणको महत्व ३

१.५ लैस-अ-सास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरू ३

१.६ लैस-अ-सास परीक्षणका उद्देश्यहरू ५

भाग-२ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि ६

२.१ लैस-अ-सास परीक्षणले समेट्ने क्षेत्रहरू ६

२.२ लैस-अ-सास परीक्षणको विधि र तरीका ६

२.२.१ दस्तावेज समीक्षा ६

२.२.२ परीक्षण कार्यशाला ७

२.२.३ लैस-अ-सास परीक्षण कार्यशालाका सहभागीहरू ७

२.२.४ गोष्ठी सञ्चालन विधि ७

२.२.५ लैस-अ-सास परीक्षणका विषय क्षेत्रहरू र अङ्क भार ९

भाग-३ लैस-अ-सास परीक्षणबाट आएका मुख्य प्राप्तिहरू १०

३.१ लैस-अ-सास परीक्षणबाट प्राप्ताङ्कहरूको प्रस्तुतिकरण १०

३.२ लैस-अ-सास परीक्षण नतिजाको माकुरे जालो तथा स्तम्भ चित्रमा प्रस्तुतिकरण ११

३.३ लैस-अ-सास परीक्षणमा प्राप्त सबलता र सुधार गर्नुपर्ने पक्षहरू ११

३.४ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशी विकास कार्ययोजना २८

३.५ असल अभ्यास, अवसर र चुनौतिहरू ४९

भाग-४ निष्कर्ष र सुझावहरू ५२

४.१ निष्कर्ष ५२

४.२ सुझाव तथा सिफारिसहरू ५३

अनुसूचि १: लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समूहहरू ५६

अनुसूचि २: लैस-अ-सास परीक्षण गोष्ठीको उपस्थिति ५८

अनुसूचि ३: मण्डनदेउपुर नगरपालिकामा लैस-अ-सास प्रबर्द्धनका लागि भएका केही प्रयासहरू ६१

अनुसूचि ४: लैस-अ-सास परीक्षण कार्यशाला गोष्ठीका तस्बीरहरू ६४

तालिका सूचि

तालिका 1 : नगरपालिकामा लैस-अ-सासको अवस्था २
तालिका 2 : स्थानीय तहमा लैस-अ-सास परीक्षणका सहभागीहरू ७
तालिका 3: स्थानीय तहमा लैस-अ-सास परीक्षणको समय तालिका ८
तालिका 4: लैस-अ-सास परीक्षणमा प्राप्त अङ्कहरूको विवरण १०
तालिका 5: लैस-अ-सास परीक्षणबाट प्राप्त सबलता र गर्नुपर्ने कार्यहरू १३
तालिका 6: लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना २८

चित्र सूचि

चित्र 1 माकुरे जालोमा प्रस्तुतिकरण ११
चित्र 2 स्तम्भ चित्रमा प्रस्तुतिकरण ११

भाग-१ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा

१.१ पृष्ठभूमिः

नेपालको सामाजिक, साँस्कृतिक र धार्मिक परम्पराको कारण महिला र पुरुषको बीचमा रहेको सामाजिक जिम्मेवारी र पहुँचमा समानता छैन । नेपाली समाज पुरुष प्रधान रहेकोले परिवारदेखि राज्यको नेतृत्वसम्म महिलाहरूको सक्षमता तुलनात्मक रूपमा कम आँकलन गरिएको र पहुँच पुग्ने सकेको अवस्था छैन । यो महिला र पुरुषबीचको असमानता नेपालको मात्र समस्या पनि होइन । विश्वका अन्य मुलुकहरूमा पनि महिला र पुरुषबीचको असमानताको समस्या रहेको छ । यस समस्यालाई लैङ्गिक समस्याको रूपमा लिइएको छ । यसकारण लैङ्गिक समानता र लैङ्गिक समताको अवधारणालाई विश्वव्यापीरूपमा घोषणा गरी एक अभियानको रूपमा कार्यान्वयनमा ल्याइएको छ । यस्तै नेपाल सामाजिक साँस्कृतिक विविधता रहेको देश हो । विभिन्न जातजाति, मातृभाषा र सांस्कृतिक विविधता भएकोले यहाँ ती समुदायहरूको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थामा विविधता रहेको छ । सबै वर्ग र समुदायहरूका सामाजिक र आर्थिक क्षेत्रमा समान विकास हुन सकेको छैन । देशमा आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग जस्ता समुदायहरूको सक्षमता र राज्यको सेवा सुविधामा पहुँच आदिको सवाल रहेको छ । साथै बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र भौगोलिक बिकटताको कारण गरिबी र वञ्चितिकरणमा परेका समुदायहरूको समस्याहरू रहेका छन् । यसकारण नेपालमा सामाजिक समावेशीकरणको सवाल पनि उत्तिकै महत्वपूर्ण भएकोले महिला समानता तथा समाजिक समावेशीकरणको अवधारणा कार्यान्वयनमा ल्याइएको नेपालको संविधान, मानव अधिकारसम्बन्धी घोषणापत्र, महिला अधिकारसम्बन्धी घोषणापत्र, बालअधिकार र आदिबासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रहरू र यी क्षेत्रहरूमा कार्य गर्नको लागि गरिएका विभिन्न महासन्धिहरू र नेपालका सम्बन्धित ऐन, नियम र अन्य कानुनी व्यवस्थाहरूलाई आधारको रूपमा लिई उक्त प्रावधानहरूलाई स्थानीय सरकारहरूमा कार्यान्वयनको अवस्थाको मापन गर्ने अभिप्रायले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरूको लागि लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि तयार गरी स्थानीय तहहरूमा पारित गरेर कार्यान्वयनको लागि निर्देशन गरेको छ । यस कार्यविधिको आधारमा स्थानीय सरकार (गाउँपालिका/नगरपालिका)हरू, नेपाल सरकार मातहतका निकायहरू प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले समेत स्थानीय सरकारहरू (गाउँपालिका र नगरपालिका) को लैस-अ-सास परीक्षण गर्ने कार्यक्रम कार्यान्वयन गर्दै आएका छन् । यसै क्रममा यस मण्डनदेउपुर नगरपालिका, मण्डनदेउपुर, काभ्रेपलाञ्चोकको लैस-अ-सास परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

१.२ मण्डनदेउपुर नगरपालिकाको संक्षिप्त परिचय

मण्डनदेउपुर नगरपालिका नेपालको बागमती प्रदेश अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित छ। नेपालको राजधानि काठमाडौंबाट उत्तर-पूर्वमा ५५ कि.मि. दुरीमा रहेको यस नगरपालिकाको क्षेत्रफल ८९ वर्ग कि.मि. रहेको छ। यस नगरपालिका साविक बालुवापाटी देउपुर, गैरीवीसौना देउपुर,नयाँगाउँ देउपुर, महादेवस्थान मण्डन, चण्डेनी मण्डन, जैसीथोक मण्डन र ज्याम्दी मण्डन (१-४ , ६) गा.वि.स गरी सात गा.वि.स मिलेर सम्वत २०७३ साल फागुन २७ गते राजपत्रमा प्रकाशनपछि अस्तित्वमा आएको हो। यस नगरपालिकाको पूर्वमा भम्लु गाउँपालीका,पश्चिममा भक्तपुर र काठमाडौं, उत्तरमा सिन्धुपाल्चोक जिल्ला र दक्षिणमा बनेपा र पाँचखाल नगरपालिका रहेको छ।मध्यम पहाडी हावापानी

भएको यस नगरपालिकालाई विभिन्न १२ वटा वडामा विभाजन गरिएको छ। यहाँको कुल जनसंख्या ३०,३८१ रहेको छ जसमा पुरुष १४,८५३ र महिला १५,५२८ रहेका छन् साथै लैङ्गिक अनुपात ९५.६५ र जनघनत्व ३४१ प्रति वर्ग कि.मी. रहेको छ।

यस नगरपालिकामा विशेष गरी हिन्दु, वौद्ध र इशाई धर्मावालम्वीहरुको बसोबास रहेको छ। यहाँ ब्राह्मण, क्षेत्री र तामाङ्ग जातिको बाहुल्यता रहेको छ। यहाँका नागरिकहरुले कृषि, पशुपालन र व्यापारलाई र पर्यटन व्यवसायलाई मुख्य पेशाको रुपमा अँगाल्दै आएका छन्। धुलिखेल, बनेपा र काठमाडौं उपत्यकाबाट नजिक रहेकोले यस नगरपालिकाको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ। यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु तिनै बजार क्षेत्रमा बढी खपत र विक्री हुने गरेको छ। भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस नगरमा मानव बसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन्। मण्डनदेउपुर काभ्रे जिल्लाकै सबैभन्दा कान्छो नवगठित नगरपालिका भएकोले यसलाई एक सक्षम नगरपालिकाको रुपमा स्थापना गर्ने चुनौति समग्र नगरवासी तथा सरकारी र गैरसरकारी निकायहरुको काँधमा आई परेको छ। यहाँ भएका सम्भावनाहरुलाई अवसरको रुपमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा योजनावद्ध तवरबाट लाग्नु पर्ने आवश्यकता छ।

(आधारभूत विषयका स्रोतहरू: https://mandandeupurmun.gov.np/)

१.३ तथ्याङ्कीय आँकडामा मण्डनदेउपुर नगरपालिकाको लैस-अ-सास

राष्ट्रिय जनगणना, २०७८ का अनुसार यस नगरपालिकामा १५५२८ जना महिला र १४८५३ जना पुरुष गरी जम्मा ३०३८१ जना व्यक्तिहरूको बसोबास रहेकोमा १५५२८ जना महिला र सामाजिक समावेशीकरण समुहका ११०३० जना पुरुषहरू गरी जम्मा २६८२१ जना व्यक्तिहरू लैङ्गिक तथा सामाजिक समावेशीकरण समूहमा रहेका छन्। आँकडाका अनुसार यो जनसख्या ८८.२८ प्रतिशत रहेको छ।

तालिका 1 : नगरपालिकामा लैस-अ-सासको अवस्था

सामाजिक समावेशीकरण समूह	महिला	पुरुष	जम्मा	कैफियत
महिला	१५५२८	-	१५५२८	सबै उमेर समूह तथा समावेशीकरण समूहका महिलाहरू
बालबालिका	-	३४८०	३४८०	०-१४ वर्षको मात्रै बालक मात्रै
बालबालिका	-	२६३	२६३	१५-१८ वर्षको बालक मात्रै
जेष्ठ नागरिक	-	१२७१	१२७१	६५ वर्ष र सोभन्दा माथिका पुरुष मात्रै
अपाङ्गता भएका व्यक्तिहरू	-	५३२	५३२	१५-६४ वर्ष उमेर समूहका पुरुष मात्रै
दलित/जनजाति/अल्पसङ्ख्यक जातीय समुदायका नागरिकहरू	-	५७४७	५७४७	१५-६४ वर्ष उमेर समूहका पुरुष मात्रै
जम्मा	१५५२८	११०३०	२६८२१	
कूल जनसंख्या	१५५२८	१४८५३	३०३८१	
प्रतिशत	१००	७६.०३	८८.२८	

स्रोतः राष्ट्रिय जनगणना, २०७८

१.४ लैस-अ-सास परीक्षणको महत्व

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको सवाल नेपालको लागि महत्वपूर्ण रहेको महसुस गरिएकोले लैस-अ-सासको अवधारणा सबै स्थानीय तहहरूमा लागू गर्न प्रयास गरिएको छ। नेपाली समाजमा लैङ्गिक विभेदले महिला, पुरुष र अन्य लिङ्गको आधारमा सामाजिक विभेद देखिएको र फरक मूल्य मान्यताहरू व्याप्त भएको अवस्था छ। यस्तै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक आधारमा विभेदहरू महसुस गरिएको छ। यी विभेदहरूको विरुद्धमा नेपाल सरकारले संविधान तथा विभिन्न कानुनी व्यवस्था गरी लागू गरेको छ। कानून अनुसार यी विभेदहरू दण्डनीय छन्। तैपनि समुदाय स्तरमा विगतको समयमा व्याप्त भएका यी विभेदहरूको कसर अझै बाँकी रहेको देखिन्छ। यस कारण नेपाल सरकारले लैङ्गिक तथा सामाजिक वहिस्करणलाई निर्मूल गर्ने नीति लिएको हो।

सबै स्थानीय सरकारहरूमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गरी समतामूलक समाजको स्थापना गर्ने कार्यमा यस लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यको महत्वपूर्ण भूमिका रहेको छ। हालको अवस्थामा स्थानीय सरकारहरूमा लैङ्गिक समता र सामाजिक समावेशीकरण प्रवर्द्धनका कार्यहरू के कति भएका छन् भन्ने कुराको निक्यौल गर्ने कार्य हो यो। यसबाट स्थानीय सरकारहरूले नीति कानून र योजना तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वेदनशीलताको प्रयोग र यस दृष्टिकोणको उपयोगको अवस्था कस्तो रहेको छ? स्थानीय तहहरूको संस्थागत संरचनामा लैस-अ-सासको अवस्था कस्तो छ? नगरपालिकाहरूको जनशक्ति नियुक्ति र जनप्रतिनिधिको व्यवस्थामा लैस-अ-सासको रणनीतिक अभ्यास कस्तो छ र यसबाट सहभागिता र निर्णय प्रक्रियामा के प्रगति भएको छ? सेवा प्रवाहको क्रममा लैस-अ-सासको अवधारणालाई कसरी कार्यान्वयन गरिएको छ? सेवा प्रवाहमा अझै महिला तथा विपन्न भएका समुदायका नागरिकहरू अझै वहिस्करणमा परेका छन्? सुशासनका अभ्यासहरूको अवस्था के छ? सुशासनमा लैस-अ-सासको कार्यान्वयन कस्तो छ? यी कुराहरूको परीक्षण गरिने भएको हुँदा संघीय, प्रदेश र स्थानीय सरकारहरूमा नियमित लैस-अ-सास परीक्षणको आवश्यकता रहेको छ।

यस लैस-अ-सास परीक्षणले स्थानीय सरकारहरूमा विगतका आर्थिक वर्ष र विगतका समयमा कार्यालयबाट हुने सबै खाले सेवा प्रवाहमा लैस-अ-सासको अवधारणालाई कार्यान्वयनको अवस्थाको चित्रण गर्दछ। यसबाट उक्त क्षेत्रको सबल र कमजोर पक्षहरू तथा अवसर र चुनौतिहरूको पहिचान विधिवत रूपमा पहिचान हुने भएकोले आगामी दिनहरूमा केकस्ता पहलहरू गर्ने बारेमा योजना तथा कार्यक्रमहरू तयार गर्न सहज हुने गर्दछ। समग्र नेपालमा लैस-अ-सास मैत्री समाजको निर्माण गर्न सरकारी तौरबाट गरिने पहलहरूमा प्रभावकारिता आउँछ। यसबाट विभेदकारी नीति तथा कार्यक्रमहरूको अन्त्य गरी सुशासनयुक्त समृद्ध समाजको सिजना गर्न टेवा पुग्दछ।

स्थानीय सरकारहरूमा लैस-अ-सास परीक्षणले स्थानीय नीति, कानून र योजनाको तहमा लैस-अ-सास सम्वेदनशीलता समावेश गरेर संस्थागत संरचना, जनशक्ति व्यवस्था र क्षमता विकास, सेवा प्रवाह, सुशासनका क्रियाकलापहरूमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी दृष्टिकोण कार्यान्वयन गरी हरेक स्थानीय तहमा समतामूलक समाजको स्थापना गर्ने जग निर्माणको अपेक्षा गरिएको छ। यसबाट स्थानीय तहबाटै दिगो शान्ति तथा समृद्धिको सुरुआत हुने सुनिश्चित छ।

१.५ लैस-अ-सास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरू

नेपालको संविधान र सम्बन्धित ऐन, नियम, कार्यविधिहरू र नेपाल पक्ष भई हस्ताक्षर भएका अन्तर्राष्ट्रिय घोषणाहरू र महासन्धिहरू जस्तै मानव अधिकार सम्बन्धी घोषणापत्र, बेइजिङ घोषणापत्र १९९६, बालअधिकार सम्बन्धी महासन्धि १९८९, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय

कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजना आदिको कार्यान्यनको बाध्यात्मक व्यवस्थाहरू रहेका छन् ।

नेपालको संविधानले नागरिकहरूको आधारभूत अधिकारहरूलाई सुनिश्चित गर्न व्यवस्था गरेको छ । संविधानको धारा १८ मा समानताको हकको व्यवस्था भएको छ जसले प्रत्येक व्यक्तिलाई समान कानुनी हैसियतको अधिकारको सुनिश्चित गरेको छ । सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने तथा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था गरेको छ । सामाजिक वा साँस्कृतिक दृष्टिले पिछाडएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भ अवस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रूपमा विपन्न खस आर्य लगायतका नागरिकहरूको संरक्षण सशक्तिकरण वा विकासको निम्ति विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ ।

संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ जसले प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हकको सुनिश्चित गरेकोको छ । प्रत्येक महिला सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सम्पन्न बनाएको छ । महिलालाई धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचनलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न पाइने छैन । यी कार्यहरू कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने अधिकारको व्यवस्था छ । राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशिताको सिद्धान्तको आधारमा सहभागी हुने अधिकार सुनिश्चित भएको छ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था भएको छ । साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था भएको छ । साथै नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था भएको छ जसमा प्रत्येक नागरिक (अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न सहित) लाई शिक्षाको पहुँचमा समान हकको सुनिश्चित गरिएको छ । सम्बिधानको धारा ३२ मा भाषा र संस्कृतिको हकको व्यवस्था गरिएको छ जसमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने अधिकारको सुनिश्चित गरिएको छ । साथै धारा ३३ मा समान रोजगारीको हक, धारा ३४ मा उचित श्रम अभ्यासको हक जसमा उचित पारिश्रमिक सुविधा र योगदानको सुनिश्चितता, धारा ३५ मा स्वास्थ्य सम्बन्धी समान हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । यी धाराहरू विशेष गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वेदनशील रहेका छन् ।

यसकारण नेपालको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैस-अ-सास) को मुद्दा बहुआयमिक मानी सबै सरकारी तथा गैरसरकारी क्षेत्रहरूमा अनिवार्य पालना गर्नु पर्ने कानुनी व्यवस्था छ । यसको कार्यान्वयन जनस्तरमा अझै कमजोर रहेको पाइएकोले राष्ट्रिय ऐन नियमहरू तथा अन्तर्राष्ट्रिय महासन्धि र अभ्यासहरूको आधारमा लैस-अ-सास अभियानमा व्यापकता ल्याउने जमर्को भैरहेको छ । यसलाई स्थानीय तहहरूबाटै कार्यान्वयन गर्ने पहल तत्कालीन स्थानीय विकास मन्त्रालयले लैस-अ-सास कार्यान्वयन गर्दै आएको थियो । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशी नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावशीकरण नीति कार्यान्वयनको लागि तयार भएको स्थानीय तह लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा तथा परीक्षण निर्देशिका कार्यान्वयन भएको थियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को गाउँपालिका/नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैस-अ-सास सम्बन्धी व्यवस्था रहेको छ । त्यस्तै वडा समितिको काम, कर्तव्य र अधिकार अन्तरगत वडामा आर्थिक तथा समाजिकरूपमा अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने विभिन्न

समुदायबीचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दाइजो, हलिया प्रथा, छाउपडी कमलरी प्रथा, बालश्रम, मानव बेचबिखनजस्ता समाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ। साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएको वर्गको सहभागिता गराउने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने, बजेट विनियोजन र कार्यान्वयनमा जोड दिएको छ।

१.६ लैस-अ-सास परीक्षणका उद्देश्यहरू

स्थानीय तहहरूमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको मुख्य उद्देश्य नै स्थानीय तहहरूमा लैङ्गिक तथा अन्य सामाजिक मान्यताको आधारमा हुने विभेदहरूको अन्त्य गरी राज्यले उपलब्ध गराउने सेवा सुविधा र संरक्षणमा सबैको समान पहुँचको अवस्थालाई परिक्षण गरी समतामूलक नीति कार्यक्रम, बजेट लागू गर्ने कार्यमा सुझावहरू उपलब्ध गराउने हो। यसको बिशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

क) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत् नगरपालिकाको नीति, कानून, संस्थागत संरचना, जनशक्ति र क्षमता विकास कार्य, योजना तर्जुमा र कार्यक्रमहरूमा महिला र सामाजिक रूपमा वञ्चितिकरणमा परेका व्यक्ति र समुदायहरूको मूलप्रवाहिकरण र सशक्तिकरणको अवस्था मापन गर्ने।

ख) स्थानीय तहको समग्र क्रियाकलापहरूमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवस्था मापन गरी सबल र सुधार गर्नु पर्ने पक्षहरू तथा अवसर र चुनौतिहरूको पहिचान गर्ने।

ग) सुधार गर्नु पर्ने पक्षहरूको पहिचान पश्चात् सोको कार्यान्वयनको लागि कार्ययोजना तयार गर्ने।

घ) नगरपालिकाले सम्पादन गर्ने सबै क्रियाकलापहरूमा लैस-अ-सास सम्वेदनशील कार्यान्वयनलाई संस्थागत गर्दै लैजान आधारहरू प्रस्तुत गर्ने।

भाग-२ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि

२.१ लैस-अ-सास परीक्षणले समेट्ने क्षेत्रहरू

विगतमा नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति तथा स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका मा भएको व्यवस्था अनुसार तत्कालिन जिल्ला विकास समिति र नगरपालिकामा भएका सम्पूर्ण नीति, कार्यक्रम तथा बजेट विनियोजन तथा कार्यान्वयनको क्रममा गरिएका प्रयासहरूको लैङ्गिक तथा सामाजिक समावेशी आँखाबाट परीक्षण गरी आगामी आर्थिक वर्षमा चाल्नु पर्ने कदमहरूको पहिचान गरिन्थ्यो ।

नेपालमा संघीय व्यवस्था लागू भए पश्चात् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तह लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधिका अनुसार लैस-अ-सास परीक्षणमा स्थानीय सरकारको नीति, कानून र योजना तर्जुमा प्रक्रियादेखि संस्थागत व्यवस्था, जनशक्ति र सेवा प्रवाहसम्मका पाँचबाट मूल विषयवस्तुहरू तोकिएको छ । यो कार्यविधि हरेक गाउपालिका र नगरपालिकाहरूले स्थानीयस्तरमा आफ्नो अनुकुल हुने गरी केही व्यवस्थाहरू हेरफेर गरेर पारित गरी लागू गर्न सक्नेछ । केही स्थानीय सरकारहरूले यो कार्यविधि लागू गरिसकेको अवस्था छ । हालको अवस्थामा यस नगरपालिकामा मुख्यतः लैस-अ-सास परीक्षणमा देहायका पाँच मूल विषयहरू वा क्षेत्रहरू समेटिएका छन्:

क) नीति कानून र योजना,

ख) संस्थागत व्यवस्था,

ग) मानव संसाधन र क्षमता विकास,

घ) सेवा प्रवाह र

ङ) सुशासन तथा उत्तरदायित्व ।

२.२ लैस-अ-सास परीक्षणको विधि र तरीका

स्थानीय तह लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधिका अनुसार स्थानीय सरकारहरूको लैस-अ-सास परीक्षण हरेक आर्थिक वर्ष नियमित रूपमा गर्ने र सोही अनुसार स्थानीय तहको नीति योजना तथा बजेट तर्जुमाको तहबाट लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण विकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने अभिप्राय हो । यो परीक्षण कार्य केही सहभागितामूलक र केही अंश लेखापरीक्षण तथा अनुसन्धानमूलक विधिबाट सम्पादन गरिएको छ ।

यस नगरपालिकाको लैस-अ-सास परीक्षणको लागि ५ वटा विषयगत लैस-अ-सास परीक्षण कार्य-समूहहरू तयार गरियो । यी कार्य-समूहहरूमा निर्वाचित जनप्रतिनिधिहरू तथा कर्मचारीको संलग्नता रहेको थियो । जसमा महिला र पुरुषहरूको सहभागितालाई पनि उपलब्ध भएसम्म समावेशी बनाइएको थियो । उक्त कार्य-समूहहरूको संयोजकत्व निर्वाचित पदाधिकारीहरूले गर्नु भएको थियो । ती कार्य समूहहरू देहायका परीक्षण विधिहरूको उपयोग गरेको थियो।

२.२.१ दस्तावेज समीक्षा

लैस-अ-सास परीक्षण कार्यदलले नगरपालिकाको दस्तावेजहरू (जस्तैः स्थानीय नीति, ऐन, निर्देशिका, वार्षिक योजना तथा बजेट, आवधिक योजना, वार्षिक प्रतिवेदनहरू, आर्थिक प्रतिवेदनहरू, चौमासिक र वार्षिक समीक्षाको प्रतिवेदन, विकास

बुलेटिन, नगर प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरू आदिको सङ्कलन र लैस-अ-सासको दृष्टिबाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक टिपोट तयार गरिएको थियो।

यसका अलावा लैस-अ-सास स्वपरीक्षण पश्चात् प्राप्त भएका अङ्कहरूको पुनर्पुष्टि गर्नका लागि आवश्यक पर्ने अभिलेख तथा भौतिक प्रमाणहरूको पुनरावलोकन समेत गरी प्रदान गरिएका अङ्क तथा कार्ययोजनाहरूलाई सामान्य परिमार्जन समेत गरिएको थियो।

२.२.२ परीक्षण कार्यशाला

यो गोष्ठी २ दिनको आयोजना गरिएको थियो। यस कार्यशाला नगरपालिकाका निर्वाचित पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै विषयगत शाखाका कर्मचारीहरू र सरोकारवालाहरूको सहभागितामा सञ्चालन गरिएको थियो। यसको सहजीकरण परामर्शदाताहरूबाट गरिएको थियो।

२.२.३ लैस-अ-सास परीक्षण कार्यशालाका सहभागीहरू

नगरपालिकाको लैस-अ-सास परीक्षण कार्यमा देहायका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरू सहभागी भएका थिए। लैस-अ-सास परीक्षण कार्यक्रममा जम्मा ३९ जना सहभागीहरू थिए।

तालिका 2 : स्थानीय तहमा लैस-अ-सास परीक्षणका सहभागीहरू

क्र.सं.	सहभागीहरू
१	पालिका उपप्रमुख
२	प्रमुख प्रशासकीय अधिकृत
३	वडा अध्यक्षहरू
४	कार्यपालिका सदस्यहरू
५	विषयगत शाखाका प्रमुख तथा सम्पर्क व्यक्तिहरू
६	विषयगत क्षेत्र तथा लक्षित वर्गका कर्मचारीहरू

पुनश्चः लैस-अ-सास परीक्षणमा भएका सहभागीहरू अनुसूचि–२ मा संलग्न गरिएको छ।

२.२.४ गोष्ठी सञ्चालन विधि

स्थानीय तह लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधिका अनुसार पाँचवटा मूल विषयहरूभित्र विभिन्न २२ वटा सहायक विषयहरू समावेश गरिएको छ। यसभित्र १०० वटा कार्यगत उपसूचकहरू तोकिएका छन्। यिनै सूचक तथा उपसूचकहरूको दायरामा रही लैस-अ-सास परीक्षण गोष्ठी सञ्चालन गरिएको थियो।

गोष्ठीको पहिलो दिन गोष्ठीको उद्घघाटन, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैस-अ-सास) को अवधारणा, संविधान, राष्ट्रिय नीति तथा अन्य प्रावधानहरू, लैस-अ-सास परीक्षण सम्बन्धी व्यवस्था आदिमा अभिमुखीकरण गरियो। कार्यशाला गोष्ठीमा पाँचवटा मूल विषयहरूको आधारमा ५ वटा लैस-अ-सास विषयगत परीक्षण कार्य-समूह गठन गरियो। यी लैस-अ-सास विषयगत परीक्षण कार्य-समूहहरूले विषयगतरूपमा सूचक र उपसूचकहरू माथि समूहगतरूपमै छलफल गरी नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभावसम्मको अवस्थालाई विश्लेषण गरी अनलाइन विधिबाट अङ्क दिने कार्य गरियो। लैस-अ-सास सूचक

तथा उपसूचकहरूमा सहभागितात्मक छलफल गरी राम्रो देखिएमा १ - एक, मध्यम देखिएमा ०.५ – दशमलव पाँच र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० – शून्य अङ्कहरू दिइयो ।

यसरी दिइएको अङ्कलाई प्रथम मस्यौदाको रूपमा लिई परीक्षणको दोस्रो दिन परीक्षण कार्य समूहहरूले नगरपालिकाको सम्बन्धित शाखाहरूमा सम्बन्धित दस्तावेजहरूको अवलोकन वा परीक्षण गरेका थिए । यस क्रममा परामर्शदाताहरूद्वारा सबै समूहहरूलाई आवश्यक सहजीकरण र सहयोग गरिएको थियो । यस क्रममा गोष्ठीको सहभागितामूलक परीक्षणबाट दिइएको अङ्कहरू थपघट भएका थिए । उक्त समूहहरूले आफ्नो विषय क्षेत्रमा रहेका सबल र कमजोर पक्षहरू तथा अवसर र चुनौतिहरूको पनि खोजी गरेका थिए ।

परीक्षण गोष्ठीको दोस्रो दिन उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समेतको उपस्थितिमा सबै सहभागीहरूले परीक्षणको क्रममा प्राप्त भएको अङ्कहरू माथि परामर्शदाताहरूबाट पुनः छलफल र मूल्याङ्कन गरिएको थियो । त्यस पश्चात् समूहगतरूपमा सबै कार्य समूहहरूले परीक्षण गरेको नतिजाहरू प्रस्तुत गरिएको थियो । यिनै अङ्कहरूको आधारमा माकुरे जालो तथा स्तम्भचित्र प्रस्तुतिकरणको विधिबाट नगरपालिकामा रहेको लैस-अ-सास कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको थियो । सबल र कमजोर पक्षहरू तथा अवसर र चुनौतिहरू समेत प्रस्तुत गरिएको थियो ।

तालिका 3: स्थानीय तहमा लैस-अ-सास परीक्षणको समय तालिका

क्र.सं.	विषयवस्तु	समय	जिम्मेवारी	कैफियत
		पहिलो दिन २०८२/१२/२२		
१	सहभागी आगमन तथा दर्ता चिया	१२:०० देखि १२:३० सम्म	आयोजक	
२	उद्घाटन सत्र	१२:३० देखि १२:४५ सम्म	आयोजक	
३	परिचय तथा उद्देश्य माथि प्रकाश	१२:४५ देखि १:१५ सम्म	**NCG**	
४	लैस-अ-सास परीक्षणका उद्देश्य तथा विधिहरू	१:१५ देखि २:३० सम्म	**NCG**	
५	खाजा विश्राम	२:३० देखि ३:०० बजेसम्म	आयोजक	
६	लैस-अ-सास सूचकहरूका बारेमा जानकारी	३:०० देखि ४:३० सम्म	**NCG**	
७	लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदल तथा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समूहहरू गठन तथा समूहगत अभिमुखीकरण	४:३० देखि ५:०० बजेसम्म	**NCG** /सहभागीहरू	
		दोस्रो दिन २०८२/१२/२३		
१	अघिल्लो दिनको समीक्षा	७:३० देखि ८:०० सम्म	आयोजक	
२	लैस-अ-सास सूचक परीक्षण तथा कार्ययोजना तर्जुमा (समूहगत कार्य) तथा अभिमुखीकरण	८:०० देखि ९:३० सम्म	**NCG** /सहभागीहरू	
३	लैस-अ-सास सक्षमता विश्लेषण (समूहगत कार्य) तथा अभिमुखीकरण	९:३० देखि १०:३० बजे सम्म	**NCG** /सहभागीहरू	

३	खाजा विश्राम	१०:३० देखि ११:०० सम्म	आयोजक	
४	लैस-अ-सास सूचक परीक्षण तथा कार्ययोजना प्रस्तुतिकरण तथा समूहगत अभिमुखीकरण	११:०० देखि ११:४५ बजे सम्म	**NCG** /सहभागीहरू **(**बढीमा १५ मिनेट**)**	
५	लैस-अ-सास सूचक प्राप्ताङ्क समीक्षा	११:४५ देखि १२:१० बजेसम्म	**NCG**	
६	समापन सत्र	१२:१० देखि १२:३० बजेसम्म	आयोजक	
७	खाना	१२:३० देखि		

२.२.५ लैस-अ-सास परीक्षणका विषय क्षेत्रहरू र अङ्क भार

स्थानीय तह लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधिका अनुसार कुल परीक्षण अङ्क भार १०० र तोकिएका ५ मूल विषयक्षेत्रलाई हेरेकको २० पूर्णाङ्क कायम गरिएको छ। जसमा राम्रो प्रगति भएको देखिएमा १, मध्यम या आंशिक कार्य भएको देखिएमा ०.५ र न्यून कार्य भएको वा नभएको अवस्था भएमा ० अङ्क प्रदान गरिएको छ। गोष्ठीको दोस्रो दिन परीक्षणको नतिजालाई माकुरे जालो तथा स्तम्भचित्रमा प्रस्तुत पश्चात् लैस-अ-सासको विषयक्षेत्रहरू मध्ये बढी अङ्क प्राप्त गर्ने क्षेत्रमा सबल अवस्था देखिन्छ र त्यस क्षेत्रमा बढी सूचकहरूमा काम भएको प्रष्ट हुन्छ। साथै कम अङ्क प्राप्त गरेका क्षेत्रहरूमा कमजोर पक्षहरू वा सुधार गर्नु पर्ने क्षेत्रहरू पहिचान हुन्छ। सूचक र उपसूचकहरूको विश्लेषण गरी सबल र कमजोर पक्षहरू पहिचान गर्ने कार्य भएको छ।

अवसर र चुनौतिहरूको हकमा परीक्षणका विषय क्षेत्रहरूको आधारमा नगरपालिकामा भएको अवसरहरू र चुनौतिहरूको बारेमा समूहगत सङ्कलन गरेका तथ्यहरूलाई प्रस्तुतिकरण र छलफल गरिएको थियो। यसमा सहभागीहले समेत आवश्यक सुझावहरू पेश गरेका थिए। कार्ययोजना तयारी लैस-अ-सास परीक्षणको क्रममा विषयगत परीक्षण कार्य समूहले उनीहरूको विषयक्षेत्रमा रहेका सबल र सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गरी नगरपालिकामा भएको हालका अवसर र चुनौतिहरूलाई मध्यनजर गरी आ-आफ्नो विषय क्षेत्रमा आगामी कार्ययोजना तयार गरेको थिए। उक्त कार्ययोजना माथि गोष्ठीका सबै सहभागीहरूको उपस्थितिमा छलफल र परिमार्जन समेत गरिएको थियो।

भाग-३ लैस-अ-सास परीक्षणबाट आएका मुख्य प्राप्तिहरू

३.१ लैस-अ-सास परीक्षणबाट प्राप्ताङ्कहरूको प्रस्तुतिकरण

यस नगरपालिकाको स्थानीय नीति, ऐन, निर्देशिका र विभिन्न नीतिगत निर्णयहरू, आवधिक तथा वार्षिक कार्यक्रम र बजेट, कार्यान्वयनका पक्षहरू समेतलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको दृष्टिले सहभागितामूलक परीक्षण गर्दा देहाय अनुसारको नतिजा प्राप्त भएको छः

तालिका 4: लैस-अ-सास परीक्षणमा प्राप्त अङ्कहरूको विवरण

सूचक/उपसूचक नं	आवश्यक क्रियाकलाप	पूर्णाङ्क	प्राप्ताङ्क
१	**नीति कानून र योजना**	**२०.०**	**१३.५**
१.१	नीति कानून र योजनामा समावेशी सहभागिता	८.०	५.०
१.२	योजना तर्जुमा तथा कार्यान्वयन	८.०	५.०
१.३	बजेट तर्जुमा तथा कार्यान्वयन	४.०	३.५
२	**संस्थागत व्यवस्था**	**२०.०**	**१७.०**
२.१	कर्मचारी/पदाधिकारी प्रतिनिधित्व	४.०	३.०
२.२	कार्य प्रणाली समावेशी	४.०	३.५
२.३	समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व	४.०	३.५
२.४	वित्त व्यवस्थापन प्रणालीमा समावेशिता	४.०	३.०
२.५	तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन	४.०	४.०
३	**मानव संसाधन तथा क्षमता विकास**	**२०.०**	**१३.५**
३.१	मानव संसाधन तथा क्षमता विकास	८.०	४.५
३.२	अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धी जनचेतना	४.०	३.०
३.३	कानुनी साक्षरता	४.०	२.५
४	**सेवा प्रवाह**	**२०.०**	**१५.५**
४.१	पूर्वाधार विकास	४.०	३.०
४.२	प्रजनन स्वास्थ्य	४.०	४.०
४.३	शिक्षा कार्यक्रम	४.०	२.५
४.४	खानेपानी तथा सरसफाई	४.०	३.०
४.५	स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन	४.०	३.०
५	**सुशासन तथा उत्तरदायित्व**	**२०.०**	**१४.०**
५.१	सुशासन	४.०	४.०
५.२	उत्तरदायित्व र जवाफदेहिता	४.०	१.०
५.३	सूचना तथा सञ्चार	४.०	१.०
५.४	अनुगमन र मूल्याङ्कन	४.०	४.०
५.५	समन्वय र सम्बन्ध बिस्तार	४.०	४.०
	कूल जम्मा	**१००.०**	**७३.५**

३.२ लैस-अ-सास परीक्षण नतिजाको माकुरे जालो तथा स्तम्भ चित्रमा प्रस्तुतिकरण

चित्र 1 माकुरे जालोमा प्रस्तुतिकरण



चित्र 2 स्तम्भ चित्रमा प्रस्तुतिकरण



३.३ लैस-अ-सास परीक्षणमा प्राप्त सबलता र सुधार गर्नुपर्ने पक्षहरू

यस नगरपालिकाको लैस-अ-सास कार्यान्वयनको अवस्थालाई निर्देशिकाले तोकेका २२ वटा सूचकहरू र जस अन्तर्गतका १०० वटा उपसूचकहरूमा आधारित रही परीक्षण गरिएको थियो । नगरपालिकामा लैस-अ-सास

कार्यान्वयनमा भएको पहललाई कार्यहरू र प्रमाणहरूको आधारमा तीन किसिमको अवस्थामा विभाजन गरिएको छ। राम्रो अवस्था भएमा 'सबल' आंशिक कार्य भएको भएमा 'आंशिक' र कमजोर अवस्था भएमा 'कमजोर' भनी वर्गीकरण गरिएको छ जसबाट सबललाई निरन्तरता दिने, आंशिक र कमजोर रहेका सूचक उपसूचकहरूमा नीतिगत र कार्यगत सुधारका कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिकाको काँधमा रहेको देखिन्छ। यस नगरपालिकाको लैस-अ-सास परीक्षणको विषय क्षेत्रहरूका सूचक तथा उपसूचकहरूको अवस्था र सुधार गर्नु पर्ने पक्षहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका 5: लैस-अ-सास परीक्षणबाट प्राप्त सबलता र गर्नुपर्ने कार्यहरू

परीक्षण अङ्क: राम्रो = १, मध्यम = ०.५ र कमजोर = ०

क्रसं	सूचक तथा उपसूचकहरू	अङ्कभार	प्राप्ताङ्क	अवस्था	गर्नुपर्ने कार्य
१	**नीति, कानून र योजना**				
१.१	**नीति, कानून र योजनामा समावेशी सहभागिता**				
१.१.१	स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैस-अ-सासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैस-अ-सास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको	१	०	कमजोर	लक्षित वर्गको सार्थक सहभागिता
१.१.२	स्थानीय सरकारले आफ्नो नीति कानून योजना जारी गर्नु भन्दा अगाडि लैस-अ-सासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको / नगरेको	१	१	मध्यम	मस्यौदा तर्जुमाका चरणमा सरोकारवालासँग नीति कानुन संचार गर्ने
१.१.३	स्थानीय सरकारको नीति र योजनामा लैस-अ-सास विकास (स्थानीय कानून, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरू समावेश भएको/नभएको।	१	१	राम्रो	आवधिक योजना र नीति विच tie up गर्ने
१.१.४	स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरू छन/छैनन (स्थानीय ऐन, कानून, कार्यविधि र निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको)।	१	१	मध्यम	नीति वनाउने
१.१.५	स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन।	१	१	मध्यम	कानुन बनाउने र कार्यान्वयन गर्ने
१.१.६	संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्ग माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको।	१	१	राम्रो	त्रैमासिक सुनुवाई गर्ने

१.१.७	महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको/नरहेको (समुदायको प्रचलन विभेदकारी भएको/नभएको ।)	१	१	मध्यम	कानुन बनाउने र कार्यान्वयन गर्ने
१.१.८	स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान रहेको/नरहेको ।	१	१	राम्रो	कानुन बनाउने र कार्यान्वयन गर्ने
	सहायक विषयगत	**८.०**	५		
१.२	**योजना तर्जुमा तथा कार्यान्वयन**				
१.२.१	आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति रणनीति कार्यक्रम र मापनयोग्य उपलब्धि लक्ष्य समावेश गरिएको छ/छैन ?	१	०	कमजोर	आवधिक योजना तथा MTEF बनाउने
१.२.२	गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितिकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजिगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको/नगरेको ?	१	१	राम्रो	लैङ्गिक बजैट सांकेतिकरण गर्ने
१.२.३	स्थानीय सरकारको योजना सूचि लक्षित समूहहरूको सक्रिय सहभागितामा तयार हुने र उनीहरूले छनौट गरेको योजना प्राथमिकीकरणमा पर्ने गरेको/नगरेको (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरबाट आएका योजना कार्यक्रमहरूलाई समेटेको/नसमेटेको परीक्षण गर्ने ।)	१	१	राम्रो	योजना तथा कार्यक्रममा बस्तीस्तरबाटै सहभागीतामुखी योजना छनौट
१.२.४	योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समूहहरूको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए/नभएको ?	१	१	राम्रो	वडास्तरीय कार्यक्रम संचालन गर्ने
१.२.५	योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन) ?	१	०	कमजोर	कार्यक्रम विश्लेषण गरीनीतिमा समावेश गर्ने
१.२.६	स्थानीय सरकारले दिगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजना हुने गरेको/नगरेको ?	१	०	कमजोर	दिगो विकास स्थानीयकरण कार्ययोजना तायार गर्ने

१.२.७	स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको ?	१	१	राम्रो	योजना तथा कार्यक्रममा बस्तीस्तरबाटै सहभागितामुखी योजना छनौट
१.२.८	स्थानीय सरकारका उपभोक्ता समितिहरूमा लक्षित समूहको प्रतिनिधि सहित कम्तीमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको ?	१	१	राम्रो	स्थानीय ऐन मै व्यवस्था गर्ने
	सहायक विषयगत	**८.०**	५		
१.३	**बजेट तर्जुमा तथा कार्यान्वयन**				
१.३.१	बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला बालबालिका अपाङ्ग जनजाति मुस्लिम मधेशी पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसंग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिएको/नगरिएको ?	१			निरन्तरता दिनुपर्ने
१.३.२	स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरूपमा गर्न बजेटको व्यवस्था गरिएको/नगरिएको ?	१			योजना पुस्तिकामै बजेट व्यवस्थापन गर्नुपर्ने
१.३.३	परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिएको/नगरिएको ?	१			सूचकले तोकेबमोजिमका कार्ययोजना बनाइ वार्षिक योजनामा समावेश गर्नुपर्ने ।
१.३.४	स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको ? (बजेट तथा कार्यक्रम बीच भिडान)	१			निरन्तरता दिनुपर्ने
	सहायक विषयगत	**४.०**			
	मूल विषयगत जम्मा	**२०.०**			
२	**संस्थागत व्यवस्था**				
२.१	कर्मचारी/पदाधिकारी प्रतिनिधित्व				
२.१.१	स्थानीय सरकारको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरूको समानरूपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन ?	१	१	मध्यम	बजेट तथा कार्यक्रम तर्जुमा गर्नुभन्दा अघि समुदायका महिला बालबालिका अपाङ्ग जनजाति मुस्लिम मधेशी पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूका विचमा वार्षिक रुपमा बजेट तथा कार्यक्रमबारे छलफल गर्ने र विश्लेषण गर्ने

२.१.२	स्थानीय सरकारका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिएको छ/छैन ?	१	१	राम्रो	बजेट तथा कार्यक्रममा बजेट व्यवस्थापन गर्ने
२.१.३	स्थानीय सरकारले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहनसहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको ?	१	१	राम्रो	परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना बनाउने
२.१.४	जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुनेगरी र महिला र वञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको/नलिएको ?	१	१	राम्रो	नगरपालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने
	सहायक विषयगत	**४.०**	४		
२.२	**कार्यप्रणाली समावेशी**				
२.२.१	महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन ?	१	१	मध्यम	निर्णायक तहका समिति उपसमितिहरू पुनर्संरचना गर्ने
२.२.२	स्थानीय सरकारमा लैङ्गिक विकास हेर्ने एकाईको व्यवस्था छ/छैन ? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिएको/नगरिएको)	१	१	राम्रो	रणनीति तयार गर्ने र अद्यावधिक गर्ने
२.२.३	स्थानीय सरकारबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागू गरिएको छ/छैन ?	१	१	मध्यम	अध्ययन गर्ने
२.२.४	योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैस-अ-सास कार्यान्वयन समितिमा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरेको/नगरेको ?	१	१	राम्रो	नीति तथा कार्यक्रमम समावेश गर्ने

	सहायक विषयगत	**४.०**	३.०		
२.३	**समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व**				
२.३.१	स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समवेशी प्रतिनिधित्व हुने व्यवस्था रहेको/नरहेको ?	१	१	राम्रो	कार्यविधि बनाइ प्रभावकारी कार्यान्वयन गर्ने
२.३.२	स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेका समुदायका छलफल र निर्णय निर्माणमा स्वस्थ ढङ्गले भाग लिन पाएको/नपाएको ?	१	१	मध्यम	कार्यप्रणालीमा थप सुधार गर्ने
२.३.३	स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला र वञ्चितिकरणमा परेका समुदायको हित हुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरेको/नगरेको ?	१	१	राम्रो	परिपत्र गर्ने
२.३.४	स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिइएको नीतिगत र कार्यगत सुझावहरूको कार्यान्वयन हुने गरेको/नगरेको ?	१	१	मध्यम	कार्यान्वयनमा पहल गर्ने
	सहायक विषयगत	**४.०**	४.०		
२.४	**वित्त व्यवस्थापन प्रणालीमा समावेशिता**				
२.४.१	स्थानीय तहमा महिला विकास, लैङ्गिक हिंसा विरुद्ध, महिला सीप विकास नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरिएको/नगरिएको ?	१	१	राम्रो	कोषमा रकम थप गर्ने
२.४.२	के आदिबासी, जनजाति, दलित, अन्य लक्षित समूहका महिलाहरूको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ?	१	१	राम्रो	मागमा आधारीत भइ कार्यक्रम तर्जुमा गर्ने
२.४.३	के स्थानीय सरकारमा लैङ्गिक डेस्कको विकासको र आवश्यक मानवीय स्रोतहरूको लागि बजेटको व्यवस्था गरिएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ?	१	१	मध्यम	बजेट व्यवस्थापन गरी कार्यक्रम तर्जुमा गर्ने

२.४.४	स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेट व्यवस्था गरेको/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने गरेको ?	१	१	मध्यम	बजेट व्यवस्थापन गरी कार्यक्रम तर्जुमा गर्ने
	सहायक विषयगत	**४.०**	३		
२.५	**तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन**				
२.५.१	के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना या तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने गरेको छ ? (लिङ्ग उमेर जात र आर्थिक स्थिति आदि) - गाउँ/नगर प्रोफाइल	१	१	राम्रो	तथ्याङ्क अद्यावधिक गर्ने
२.५.२	स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना वा तथ्याङ्क सङ्कलन गर्दा बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरेको/नगरेको (गाउँ/नगर प्रोफाइल)	१	१	राम्रो	छुट्टाछुट्टै नक्साङ्कन प्रक्रिया थालनी गर्ने
२.५.३	के स्थानीय सरकारले आफ्नो पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार मानी। स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ ?	१	१	राम्रो	तथ्याङ्कमा आधारित योजना तर्जुमा गर्ने
२.५.४	स्थानीय सरकारले आफ्नो क्षेत्रको सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गर्ने गरेको/नगरेको ?	१	१	राम्रो	अद्यावधिक तथ्याङ्क सार्वजनिकीकरण गर्ने
	सहायक विषयगत	**४.०**	**४.०**		
	मूल विषयगत जम्मा	**२०.०**	**१७.०**		
३	**मानव संसाधन तथा क्षमता विकास**				
३.१	**मानव संसाधन तथा क्षमता विकास**				
३.१.१	लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शीर्षकमा बजेट विनियोजन भए नभएको र यस्तो रकम खर्च कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको/नआएको ?	१	१	राम्रो	कार्ययोजनालाई थप कार्यान्वयनमा लैजानु पर्ने
३.१.२	स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरूले लैङ्गिक तथा समावेशी विकास, लैङ्गिक हिंसा सम्बन्धी तालिम लिएका छन् वा छैनन् तालिम कार्यक्रममा लक्षित समूह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको/नगरिएको ?	१	१	मध्यम	थप कार्य गर्नुपर्ने

३.१.३	तालिमका विषयवस्तुको प्रस्तुतिकरणमा लैङ्गिक संवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन ?	१	१	मध्यम	पृष्ठपोषण लिने
३.१.४	महिला तथा लक्षित समूहको पदाधिकारीहरूको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) छन्/ छैनन् ? सो अनुसारको बजेट विनियोजन गरिएको छ/छैन ?	१	१	राम्रो	सो अनुसारको बजेट विनियोजन गर्ने
३.१.५	के स्थानीय सरकारमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय स्रोत छन् ? (विषयगत तालिम प्राप्त जनशक्ति सङ्ख्या)	१	१	मध्यम	थप कार्य गर्नुपर्ने
३.१.६	के स्थानीय सरकारमा मानव संसाधन विकास केन्द्र वा शाखा वा एकाईको व्यवस्था छ ?	१	०	कमजोर	स्थापना गर्नुपर्ने
३.१.७	महिला र वञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए नभएको ? (सञ्चालित तालिम कार्यक्रम सङ्ख्या र उपस्थिति)	१	०	कमजोर	सञ्चालन गर्नुपर्ने
३.१.८	महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरूको बारेमा स्थानीय सरकारका पदाधिकारीहरू र कर्मचारीहरूलाई जानकारी छ ? सोको लागि अभिमुखिकरण गरिएको छ ? (कार्यक्रम सङ्ख्या र उपस्थिति)	१	१	राम्रो	थप कार्य गर्नुपर्ने
	सहायक विषयगत	**८.०**	**५.०**		
३.२	**अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धी जनचेतना**				
३.२.१	महिला विरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? (कार्यक्रम सङ्ख्या र उपस्थिति)	१	१	राम्रो	थप कार्यक्रम गर्नुपर्ने
३.२.२	लैङ्गिक हिंसा रहित गाउँपालिका/नगरपालिका घोषणा गरेको छ ? (घोषणा गरेको मिति) र महिला हिंसा विरुद्ध सुन्य सहनशीलता अपनाएको छ ? (घटेको घट्ना सङ्ख्या र लिइएको निर्णय)	१	०	कमजोर	थप कार्यक्रम गर्नुपर्ने

३.२.३	स्थानीय सरकारले महिला विरुद्ध सबैखाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ ? (कार्यक्रम सङ्ख्या उपस्थिति तथा निर्णय पुस्तिका)	१	१	राम्रो	थप कार्यक्रम गर्नुपर्ने
३.२.४	के स्थानीय सरकारले समाजमा रहेका विभिन्न कुसँस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बाल विवाह, बहुविवाह, दाइजो आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरू सञ्चालन गरेको छ ? (कार्यक्रम सङ्ख्या र उपस्थिति)	१	१	राम्रो	थप कार्यक्रम गर्नुपर्ने
	सहायक विषयगत	**४.०**	**३.०**		
३.३	**कानुनी साक्षरता**				
३.३.१	नगरपालिकाका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, नगरपालिका सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, विषयगत कानूनहरू, पालिकाले जारी गरेको कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको बारेमा अभिमुखिकरण गर्ने गरेको/नगरेको ?	१	१	राम्रो	थप अभिमुखिकरण गर्नुपर्ने
३.३.२	स्थानीय तहका कार्यपालिका सदस्यहरू सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य विषयवस्तुका सम्बन्धमा समय समयमा अभिमुखिकरण गर्ने गरेको/नगरेको ?	१	१	मध्यम	थप अभिमुखिकरण गर्नुपर्ने
३.३.३	के महिलाहरूको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालित भएका छन् ? (जस्तै कानुनी हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिंसा विरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण)	१	१	राम्रो	थप कार्यक्रम गर्नुपर्ने
३.३.४	महिलाहरूको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालनबाट के उनीहरू लाभान्वित भएका छन् ? (जस्तै कानुनी हक अधिकार एकल महिला र चेलीबेटी बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिंसा विरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण र यसको असर)	१	१	राम्रो	थप कार्यक्रम गर्नुपर्ने

	सहायक विषयगत	**४.०**	**४.०**		
३.४	**विपद व्यवस्थापनमा समावेशीकरण**				
३.४.१	स्थानीय सरकारले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड रणनीति कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायसंग परामर्श गरे नगरेको र यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहेको/नरहेको?	१	१	राम्रो	थप कार्यक्रम गर्नुपर्ने
३.४.२	स्थानीय स्तरको विपद सम्बन्धी तथ्याङ्क सङ्कलन नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको/नगरेको	१	०	कमजोर	थप कार्यक्रम गर्नुपर्ने
३.४.३	समुदायमा आधारीत विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरूलाई पहिलो प्राथमिकता राखी कार्य गरेको/नगरेको ?	१	१	राम्रो	थप कार्यक्रम गर्नुपर्ने
३.४.४	विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको/नगरेको ?	१	१	मध्यम	सहभागिता गराउनुपर्ने
	सहायक विषयगत	**४.०**	**३.०**		
	मूल विषयगत जम्मा	**२०.०**	**१४.०**		
४	**सेवा प्रवाह**				
४.१	**पूर्वाधार विकास**				
४.१.१	स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोईङ डिजाईन लागत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्वाध रूपमा प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपाङ्ग मैत्री सम्बेदनशील संरचनाको प्रावधान सहित हुने गरेको/नगरेको ?	१	१	राम्रो	लैङ्गिक, बाल र अपाङ्ग मैत्री सम्वेदनशील संरचनाको मापदण्ड बनाउने
४.१.२	स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरू शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरू	१	१	मध्यम	निर्माण कार्ययोजना बनाउने

	निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन ?				
४.१.३	स्थानीय तहले १५०० वर्गफिट भन्दा बढी प्लिन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला अपाङ्गता भएका ब्यक्ती तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुनेगरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ/छैन ?	१	१	राम्रो	भवन निर्माण मापदण्डमा सो कार्यमैत्री बनाउने
४.१.४	स्थानीय तहले महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलविद्युत, विभिन्न वैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरू रहे/नरहेको ?	१	१	मध्यम	परम्परागत तथा आधुनिक ऊर्जा प्रयोगलाइ प्रात्साहन हुने गरी कार्यक्रम संचालन गर्ने
	सहायक विषयगत	**४.०**	**३.०**		
४.२	**प्रजनन स्वास्थ्य**				
४.२.१	गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी वार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भएको/नभएको ?	१	१	राम्रो	नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने
४.२.२	स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरूमा वच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सोको व्यवस्थापन गरिएको छ/छैन ?	१	१	राम्रो	स्तनपान कक्ष नभएका कार्यालयमा बनाउने
४.२.३	परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसङ्ख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गरिएका छन् ?	१	१	राम्रो	मौजुदा कार्यक्रमलाई थप प्रभावकारी बनाउने
४.२.४	महिला, गरीब, निमुखा र वञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको ?	१	१	राम्रो	स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउने
	सहायक विषयगत	**४.०**	**४.०**		
४.३	**शिक्षा कार्यक्रम**				
४.३.१	स्थानीय तहले आफ्नो पालिकाभित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाए/नमिलाएको ?	१	१	मध्यम	भर्ना कार्यक्रम संचालन गर्ने

४.३.२	स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरण परेका समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोशाक उपलब्ध गराउन छात्रबृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रवन्ध मिलाए/नमिलाएको ?	१	१	राम्रो	मौजुदा कार्यक्रमलाई थप प्रभावकारी बनाउने
४.३.३	निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन भए नभएको ? (जस्तै अभिभावक शिक्षा, प्रौढ तथा किशोरी शिक्षा, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, वच्चा देखि वच्चा कक्षा आदि) (कार्यक्रम सङ्ख्या पटक तथा सहभागी सङ्ख्या)	१	०	कमजोर	अभिभावक शिक्षा, प्रौढ .शिक्षा.कार्यक्रम संचालन गर्ने)
४.३.४	विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरेको/नगरेको ?	१	१	राम्रो	मौजुदा कार्यक्रमलाई थप प्रभावकारी बनाउने
	सहायक विषयगत	**४.०**	**३.०**		
४.४	**खानेपानी तथा सरसफाई**				
४.४.१	गाउँपालिका/नगरपालिकामा सफा पिउने पानी, सफासंग हात धुने व्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था र स्यानिटाइजरको उपयोग गर्ने प्रबन्ध भए/नभएको	१	१	राम्रो	मौजुदा कार्यक्रमलाई थप प्रभावकारी बनाउने
४.४.२	स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरूको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाई अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ?	१	१	राम्रो	उक्त कार्यलाइ नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने
४.४.३	कुहिने नकुहिने घरायासी फोहर छुट्याउने व्यवस्था, फोहर सङ्कलन तथा विसर्जन, घरघरमा भान्साको फोहर र पानीबाट करेसाबारी तथा गमला र फूलबारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम सञ्चालन हुने गरे नगरेको ?	१	०	कमजोर	फोहोरमैला व्यवस्थापन कार्यक्रम संचालन गर्ने
४.४.४	महिलाहरू बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरूको सक्रिय सहभागितामा	१	१	राम्रो	पुनर्जीविकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन

	आकाशेपानी सङ्कलन र भण्डारण, पराम्परागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ?				
	सहायक विषयगत	**४.०**	**३.०**		
४.५	**स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन**				
४.५.१	स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक सीपमूलक कार्यक्रमहरू राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन ?	१	१	राम्रो	महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलकर सीपमूलक कार्यक्रम
४.५.२	स्थानीय सरकारले स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितिकरणमा परेका समुदायको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने गरे नगरेको ? (कार्यक्रम सङ्ख्या र उपस्थिति)	१	१	राम्रो	क्षमता विकासको लागि कार्यक्रम
४.५.३	ग्रामिण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिकहरू) र सामाजिक परिचालक तयार गर्ने गरे/नगरेको (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सूचकाङ्क)?	१	१	राम्रो	सो सम्बन्धी तालिम कार्यक्रम तर्जुमा गर्ने
४.५.४	गरीब र वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए/नभएको ?	१	०	कमजोर	सहकारी मार्फत् सुपथ मुल्य पसल सञ्चालन
	सहायक विषयगत	**४.०**	**३.०**		
	मूल विषयगत जम्मा	**२०.०**	**१६.०**		
५	**सुशासन तथा उत्तरदायित्व**				
५.१	**सुशासन**				
५.१.१	स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका विषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको ?	१	१	राम्रो	तर्जुमा भएका बाहेक अन्य कानुनहरूको निर्माण तथा कार्यान्वयन गर्ने
५.१.२	स्थानीय तहले विधिको शासन व्यापक जनसहभागिता, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निष्पक्षता र महिला तथा	१	१	राम्रो	कार्यान्वयन गर्न बाँकी रहेका नीतिहरूको पूर्ण रुपमा कार्यान्वयन गर्ने

	वञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरू कार्यान्वयनमा ल्याएको/नल्याएको ?				
५.१.३	महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरूको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गरेको छ ? (कार्यक्रम सङ्ख्या र उपस्थिति)	१	१	राम्रो	कार्यान्वयन नभएका प्रतिबद्धताहरूलाई प्राथमिकीकरण गरी कार्ययोजना निर्माण गर्ने
५.१.४	संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम बिनियोजना गरी कार्यक्रमहरू समयमै सम्पन्न गरेको छ ?	१	१	राम्रो	विनियोजित रकमको दायरा बढाउने
	सहायक विषयगत	**४.०**	**४.०**		
५.२	**उत्तरदायित्व र जवाफदेहिता**				
५.२.१	स्थानीय सरकारले नियमित रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/नगरेको ?	१	०	कमजोर	आगामी दिनमा यस्ता कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने
५.२.२	स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको ?	१	०	कमजोर	आगामी दिनमा यस्ता कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने
५.२.३	स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको वंजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका तर्फबाट स्थानीय सरकारले लिएको नीति र कार्यक्रम र सोको कार्यान्वयनका विषयमा आवाज उठ्ने गरे/नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारबाट सम्वोधन हुने गरे/नगरेको ?	१	०	कमजोर	आगामी दिनमा यस्ता कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने
५.२.४	स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए नल्याएको ?	१	१	राम्रो	नियमित कार्यान्वयन गर्ने
	सहायक विषयगत	**४.०**	**१.०**		
५.३	**सूचना तथा सञ्चार**				
५.३.१	स्थानीय सरकारले नियमित रूपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे नगरेको र महिला, बालबालिका र	१	०	कमजोर	आगामी दिनमा यस्ता कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने

	आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकलाई लक्षित गरी राखेका कार्यक्रम र बजेट सरोकारवालाले थाह पाउने गरी सार्वजनिक गरे/नगरेको ?				
५.३.२	स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे नगरेको ?	१	०	कमजोर	आगामी दिनमा यस्ता कार्यक्रमहरूलाई प्राथमिकताममा राख्ने
५.३.३	के स्थानीय सरकारले स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैङ्गिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने गरेको छ ?	१	०	कमजोर	आगामी दिनमा यस्ता कार्यक्रमहरूलाई प्राथमिकताममा राख्ने
५.३.४	के स्थानीय स्तरमा महिला बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिबासी जनजाति दलित मधेशी मुस्लिम पिछडावर्ग) अपाङ्गता भएको व्यक्तिहरू जेष्ठ नागरिक लगायत अन्य लक्षित समूहहरूको सूचना, शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतना बृद्धि भएको छ ? (आधार तथ्याङ्कसंग समेत तुलना गर्न सकिने)	१	१	राम्रो	नियमित कार्यान्वयन गर्ने
	सहायक विषयगत	**४.०**	**१.०**		
५.४	**अनुगमन र मूल्याङ्कन**				
५.४.१	के कार्यक्रम तथा परीयोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको छ ?	१	१	राम्रो	नागरिकमैत्री कार्यक्रम तथा योजना निर्माण गर्ने
५.४.२	के स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन गर्दा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ?	१	१	राम्रो	सहभागितामूलक योजना तथा कार्यक्रम सञ्चालन तथा सोको पृष्ठपोषण संकलन
५.४.३	के स्थानीय सरकारको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग) अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेको छ ?	१	१	राम्रो	यस्ता कार्यक्रमहरूको संख्या वृद्धि गर्ने
५.४.४	के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ?	१	१	राम्रो	सिकाइको विश्लेषण गरी कार्यक्रम तर्जुमा गर्दा समावेश गर्ने
	सहायक विषयगत	**४.०**	**४.०**		

५.५	**समन्वय र सम्बन्ध बिस्तार**				
५.५.१	स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेको नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको/नगरेको ?	१	१	राम्रो	सहकार्य समन्वय र सहअस्तित्वको सिद्धान्त अनुरुप कार्य गर्ने
५.५.२	लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरू बीच सञ्जाल सदस्य बनी कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमितरूपमा कार्य हुने गरे/नगरेको ?	१	१	राम्रो	सिकाइको विश्लेषण गरी कार्यक्रम तर्जुमा गर्दा समावेश गर्ने
५.५.३	लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरू बीच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरे/नगरेको ?	१	१	राम्रो	यस्ता कार्यक्रमहरूलाई थप प्राथमिकीकरण गरी नियमित कार्यान्वयन गर्ने
५.५.४	महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको ?	१	१	राम्रो	वार्षिक कार्यक्रममा समावेश गर्ने
	सहायक विषयगत	**४.०**	**४.०**		
	मूल विषयगत जम्मा	**२०.०**	**१४.०**		
	कूल जम्मा	**१००.०**	**७३.५**		

३.४ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशी विकास कार्ययोजना

तालिका 6: लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

सूचक/उपसूचक नं	आवश्यक क्रियाकलाप	मुख्य जिम्मेवारी			समयावधि	थप आर्थिक दायित्व
		पहलकर्ता	निर्णयकर्ता	कार्यान्वयनकर्ता		
१	**नीति कानून र योजना (पूर्णाङ्क २०; प्राप्ताङ्कः१३.५)**					
१.१	**नीति कानून र योजनामा समावेशी सहभागिता**					
१.१.१	स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गर्ने	विषयगत समिति	कार्यपालिका	कानुन शाखा	१ महिनाभित्र	नपर्ने
१.१.२	नगरपालिकाले आफ्नो नीति कानून योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने	विषयगत समिति	कार्यपालिका	कानुन शाखा	६ महिनाभित्र	पर्ने
१.१.३	नगरपालिकाको नीति र योजनामा लैससास विकास (स्थानीय कानून, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरू समावेश गर्ने ।	नगरसभा/कार्यपालिका	नगर प्रमुख	कार्यपालिका नगरसभा	चालु आ.व. भित्र	नपर्ने
१.१.४	नगरपालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरू बनाउने ।	कार्यपालिका	कार्यपालिका	कार्यपालिका नगरसभा	चालु आ.व. भित्र	नपर्ने
१.१.५	स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै	कार्यपालिका	कार्यपालिका	सम्बन्धित शाखा	९ महिनाभित्र	पर्ने

	प्रकारका विभेदजन्य कार्यहरू रोक्न पर्याप्त प्रावधान व्यवस्था गर्ने ।					
१.१.६	संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्ग माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाउने ।	प्रमुख प्रशासकीय अधिकृत	कार्यपालिका	विषयगत समिति	३ महिनाभित्र	पर्ने
१.१.७	महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान राख्ने (समुदायको प्रचलन विभेदकारी गर्ने ।)	कार्यपालिका	नगर सभा	विषयगत समिति	१ वर्षभित्र	पर्ने
१.१.८	स्थानीय तहको नीतिमा रेथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान राख्ने ।	कार्यपालिका	कार्यपालिका	विषयगत समिति	१ वर्षभित्र	पर्ने
१.२	**योजना तर्जुमा तथा कार्यान्वयन**					
१.२.१	आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति रणनीति कार्यक्रम र मापनयोग्य उपलब्धि लक्ष्य समावेश गर्ने ।	नगरसभा	नगर सभा	कार्यपालिका तथा नगरसभा	१ वर्षभित्र	पर्ने
१.२.२	गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितिकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजिगत बजेटको निश्चित प्रतिशत छुट्याउने गर्ने ।	कार्यपालिका	कार्यपालिका	कार्यपालिका तथा नगरसभा	१ महिनाभित्र	नपर्ने
१.२.३	नगरपालिकाको योजना सूचि लक्षित समूहहरूको सक्रिय सहभागितामा तयार हुने र उनीहरूले छनौट गरेको योजना प्राथमिकीकरणमा पर्ने गर्ने(योजना तर्जुमा गर्दा	कार्यपालिका	कार्यपालिका	कार्यपालिका तथा नगरसभा	१ महिनाभित्र	पर्ने

	गाउँ । बस्तीस्तरबाट आएका योजना कार्यक्रमहरूलाई समेटेको/नसमेटेको परीक्षण गर्ने ।					
१.२.४	योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समूहहरूको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल गर्ने ।	कार्यपालिका	नगर प्रमुख	सम्वन्धित शाखा	३ महिनाभित्र	पर्ने
१.२.५	योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहहरूको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने	कार्यपालिका	कार्यपालिका	सम्वन्धित शाखा	६ महिनाभित्र	पर्ने
१.२.६	नगरपालिकाले दिगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोज गर्ने	कार्यपालिका	कार्यपालिका	कार्यपालिका तथा नगरसभा	१ वर्षभित्र	पर्ने
१.२.७	स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनाउने ।	कार्यपालिका	कार्यपालिका, नगर उपप्रमुख	बजेट तथा कार्यक्रम तर्जुमा समिति	१ वर्षभित्र	पर्ने
१.२.८	नगरपालिकाका उपभोक्ता समितिहरूमा लक्षित समूहको प्रतिनिधि सहित कम्तीमा ४० प्रतिशत महिलाको सहभागिता गर्ने र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको बारेमा हेर्ने	कार्यपालिका	नगर सभा	कार्यपालिका तथा नगरसभा	१ वर्षभित्र	नपर्ने
१.३	**बजेट तर्जुमा तथा कार्यान्वयन**					
१.३.१	बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला बालबालिका अपाङ्ग जनजाति मुस्लिम मधेशी पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका	कार्यपालिका	कार्यपालिका	प्रमुख प्रशासकीयः अधिकृत	१ वर्षभित्र	पर्ने

	समूहहरूसंग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने ।					
१.३.२	नगरपालिकाका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरूपमा गर्न बजेटको व्यवस्था गर्ने ।	सम्बन्धित शाखा	कार्यपालिका, नगर सभा	विषयगत समिति	१ वर्षभित्र	पर्ने
१.३.३	परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गर्ने ।	सम्बन्धित शाखा	कार्यपालिका	विषयगत समिति	१ वर्षभित्र	पर्ने
१.३.४	नगरपालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको बारेमा बजेट तथा कार्यक्रम बीच भिडान गरेर हेर्ने	सम्बन्धित शाखा	कार्यपालिका	प्रमुख प्रशासकीयः अधिकृत	चालु आ.व. भित्र	नपर्ने
२	**संस्थागत व्यवस्था (पूर्णाङ्क २०; प्राप्ताङ्कः१७.०)**					
२.१	कर्मचारी/पदाधिकारी प्रतिनिधित्व					
२.१.१	नगरपालिकाको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरूको समानरूपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व गराउने ।	नगरसभा	प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख, नगर उपप्रमुख, कार्यपालिका, नगर सभा	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	नपर्ने
२.१.२	नगरपालिकाका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी		प्रमुख प्रशासकीय अधिकृत,	प्रमुखप्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने

	कर्मचारीहरूको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिने ।		नगर प्रमुख, नगर उपप्रमुख, कार्यपालिका, नगर सभा			
२.१.३	नगरपालिकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने ।		प्रमुख प्रशासकीय अधिकृत	प्रमुखप्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने
२.१.४	जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुनेगरी र महिला र वञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिने ।	कार्यपालिका	नगर सभा, नगर प्रमुख, नगर उपप्रमुख, कार्यपालिका	कार्यपालिका	चालु आ.व. भित्र	पर्ने
२.२	कार्य प्रणाली समावेशी					
२.२.१	महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको कार्यनीति बनाउने ।	शाखा प्रमुख	नगर सभा, कार्यपालिका	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने
२.२.२	नगरपालिकामा लैङ्गिक विकास हेर्ने एकाईको व्यवस्था गर्ने		प्रमुख प्रशासकीय अधिकृत	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	नपर्ने
२.२.३	नगरपालिकाबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागू गर्ने ।		प्रमुख प्रशासकीय अधिकृत	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	नपर्ने

२.२.४	योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैससास कार्यान्वयन समितिमा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गर्ने ।	शाखा प्रमुख	शाखा प्रमुख, कार्यपालिका	प्रमुख प्रशासकीय अधिकृत	१ महिनाभित्र	पर्ने
२.३	समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व					
२.३.१	नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र \ कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था राख्रे ।	शाखा प्रमुख	कार्यपालिका	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	नपर्ने
२.३.२	नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेका समुदायका छलफल र निर्णय निर्माणमा स्वस्थ ढङ्गले भाग लिन पाउने व्यवस्था गर्ने ।		नगर प्रमुख, नगर उपप्रमुख		१ महिनाभित्र	नपर्ने
२.३.३	स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला र वञ्चितिकरणमा परेका समुदायको हित हुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने ।	शाखा प्रमुख	नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	नपर्ने
२.३.४	नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिइएको नीतिगत र कार्यगत सुझावहरूको कार्यान्वयन भएको ।	शाखा प्रमुख	नगर उपप्रमुख, नगर प्रमुख, प्रमुख प्रशासकीय	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	नपर्ने

			अधिकृत, नगर सभा, कार्यपालिका			
२.४	वित्त व्यवस्थापन प्रणालीमा समावेशिता					
२.४.१	स्थानीय तहमा महिला विकास, लैङ्गिक हिंसा विरुद्ध, महिला सीप विकास नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गर्ने	शाखा प्रमुख	कार्यपालिका, नगर सभा	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने
२.४.२	आदिबासी, जनजाति, दलित, अन्य लक्षित समूहका महिलाहरूको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने	शाखा प्रमुख	कार्यपालिका, नगर सभा	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने
२.४.३	नगरपालिकामा लैङ्गिक डेस्कको विकासको र आवश्यक मानवीय स्रोतहरूको लागि बजेटको व्यवस्था गरिएको छ ? सो अनुसार कार्यक्रम पहिचान गर्ने	शाखा प्रमुख	कार्यपालिका, नगर सभा	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने
२.४.४	नगरपालिकाले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेट व्यवस्था गर्नेर कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने	शाखा प्रमुख	कार्यपालिका, नगर सभा	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने
२.५	सहायक विषयगत तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन					
२.५.१	नगरपालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना या तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने (लिङ्ग उमेर जात	शाखा प्रमसख	कार्यपालिका, नगर सभा	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने

	र आर्थिक स्थिति आदि) - गाउँ/नगर प्रोफाइल					
२.५.२	नगरपालिकाले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना वा तथ्याङ्क सङ्कलन गर्दा बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने (गाउँ/नगर प्रोफाइल)	शाखा प्रमुख	कार्यपालिका	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने
२.५.३	नगरपालिकाले आफ्नो पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार मानी। स्थानीय विकास योजना तर्जुमा गर्ने	सबै शाखा प्रमुख	शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख, नगर उपप्रमुख, कार्यपालिका, नगर सभा	कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने
२.५.४	नगरपालिकाले आफ्नो क्षेत्रको सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गर्ने	शाखा प्रमुख	शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत	प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख	१ महिनाभित्र	नपर्ने
३	**मानव संसाधन तथा क्षमता विकास (पूर्णाङ्क २०; प्राप्ताङ्कः१३.५)**					
३.१	मानव संसाधन तथा क्षमता विकास					
३.१.१	लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शीर्षकमा बजेट विनियोजन भए नभएको र यस्तो रकम खर्च कार्यविधि स्वीकृत भई कार्यान्वयनमा ल्याउने	महिला तथा बालबालिका शाखा	कार्यपालिका	महिला तथा बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने

३.१.२	नगरपालिकाका पदाधिकारी/कर्मचारीहरूले लैङ्गिक तथा समावेशी विकास, लैङ्गिक हिंसा सम्बन्धी तालिमको अवसर दिएको तथा उक्त तालिम कार्यक्रममा लक्षित समूह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता भएको ।	महिला तथा बालबालिका शाखा	कार्यपालिका	महिला तथा बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.१.३	तालिमका विषयवस्तुको प्रस्तुतिकरणमा लैङ्गिक समवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने ।	महिला तथा बालबालिका शाखा	कार्यपालिका	महिला तथा बालबालिका शाखा	१ महिनाभित्र	नपर्ने
३.१.४	महिला तथा लक्षित समूहको पदाधिकारीहरूको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) र सो अनुसारको बजेट विनियोजन गर्ने ।	महिला तथा बालबालिका शाखा	कार्यपालिका	महिला तथा बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.१.५	नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय स्रोतको व्यवस्था गर्ने ।	महिला बालबालिका शाखा	प्रमुख प्रशासकीय अधिकृत	महिला तथा बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.१.६	नगरपालिकामा मानव संसाधन विकास केन्द्र वा शाखा वा एकाईको व्यवस्था गर्ने ।	महिला बालबालिका शाखा	प्रमुख प्रशासकीय अधिकृत	महिला तथा बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.१.७	महिला र वञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम गरी कार्यान्वयन गर्ने ।	महिला बालबालिका शाखा	प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका	महिला तथा बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने

३.१.८	महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरूको बारेमा नगरपालिकाका पदाधिकारीहरू र कर्मचारीहरूलाई जानकारी अभिमुख गराउने ।	महिला बालबालिका शाखा	शाखा प्रमुख	महिला तथा बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.२	अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धी जनचेतना					
३.२.१	महिला विरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गर्ने ।	महिला बालबालिका शाखा	शाखा प्रमुख, नगर सभा	महिला बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.२.२	लैङ्गिक हिंसा रहित गाउँपालिका/नगरपालिका घोषणा गरी महिला हिंसा विरुद्ध शूण्य सहनशीलताको नीति अपनाउने ।	महिला बालबालिका शाखा	नगर सभा	महिला बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.२.३	नगरपालिकाले महिला विरुद्ध सबैखाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।	महिला बालबालिका शाखा	शाखा प्रमुख	महिला बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.२.४	नगरपालिकाले समाजमा रहेका विभिन्न कुसँस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बाल विवाह, बहुविवाह, दाइजो आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरू सञ्चालन गर्ने ।	महिला बालबालिका शाखा	शाखा प्रमुख	महिला बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.३	कानुनी साक्षरता					
३.३.१	स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान नगरपालिका सञ्चालन ऐन अन्तर सरकारी वित्त व्यवस्थापन	महिला बालबालिका शाखा	शाखा प्रमुख	महिला बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने

	ऐन कर्मचारी समायोजन ऐन मुलुकी संहिताहरू विषयगत कानूनहरू पालिकाले जारी गरेको कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको बारेमा अभिमुखिकरण गर्ने ।					
३.३.२	स्थानीय तहका कार्यपालिका सदस्यहरू सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य विषयवस्तुका सम्बन्धमा समय समयमा अभिमुखिकरण गर्ने ।	महिला बालबालिका शाखा	शाखा प्रमुख	महिला बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.३.३	महिलाहरूको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।	महिला बालबालिका शाखा	शाखा प्रमुख	महिला बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.३.४	महिलाहरूको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालनबाट उनीहरूलाई लाभान्वित गराउने । (जस्तै कानुनी हक अधिकार एकल महिला र चेलीबेटी बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिंसा विरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण र यसको असर)	महिला बालबालिका शाखा	शाखा प्रमुख	महिला बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने
३.४	विपद व्यवस्थापनमा समावेशीकरण					
३.४.१	नगरपालिकाले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड रणनीति कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायसंग परामर्श गरे नगरेको र यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग	विपद् व्यवस्थापन शाखा	कार्यपालिका	विपद् व्यवस्थापन शाखा	चालु आ.व. भित्र	पर्ने

	र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान राख्ने ।					
३.४.२	स्थानीय स्तरको विपद सम्बन्धी तथ्याङ्क सङ्कलन नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गर्ने ।	विपद् व्यवस्थापन शाखा	प्रमुख प्रशासकीय अधिकृत	विपद् व्यवस्थापन शाखा	चालु आ.व. भित्र	पर्ने
३.४.३	समुदायमा आधारीत विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरूलाई पहिलो प्राथमिकता राखी कार्य गर्ने ।	विपद् व्यवस्थापन शाखा	कार्यपालिका	विपद् व्यवस्थापन शाखा	चालु आ.व. भित्र	पर्ने
३.४.४	विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने ।	विपद् व्यवस्थापन शाखा	कार्यपालिका	विपद् व्यवस्थापन शाखा	१ वर्षभित्र	पर्ने
४	**सेवा प्रवाह (पूर्णाङ्क २०; प्राप्ताङ्कः१५.५)**					
४.१	पूर्वाधार विकास					
४.१.१	स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोईङ डिजाईन लागत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्वाध रूपमा प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपाङ्ग मैत्री सम्बेदनशील संरचनाको प्रावधान सहित गर्ने ।	सम्बन्धित शाखा	कार्यपालिका	विषयगत समिति	१ महिनाभित्र	नपर्ने

४.१.२	स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरू शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गर्ने ।	सम्बन्धित शाखा	प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख	महिला बालबालिका तथा ज्यष्ठ नागरिक शाखा	१ महिनाभित्र	नपर्ने
४.१.३	स्थानीय तहले १५०० वर्गफिट भन्दा बढी प्लिन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला अपाङ्गता भएका व्यक्ती तथा बालमैत्रीयुक्त दृष्टीकोणबाट समेत उपयुक्त हुनेगरी संरचना तयार गर्न निर्देशन दिने ।	पूर्वाधार शाखा	शाखा प्रमुख, कार्यपालिका	पूर्वाधार शाखा	१ महिनाभित्र	नपर्ने
४.१.४	स्थानीय तहले महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलबिद्युत, विभिन्न बैकल्पिक । उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरू सञ्चालन गर्ने ।	पूर्वाधार शाखा	शाखा प्रमुख	प्रमुख प्रशासकीय अधिकृत	चालु आ.व. भित्र	पर्ने
४.२	प्रजनन स्वास्थ्य					
४.२.१	गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी वार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश गर्ने ।	स्वास्थ्य शाखा	शाखा प्रमुख	स्वास्थ्य शाखा	चालु आ.व. भित्र	पर्ने
४.२.२	स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरूमा वच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सोको व्यवस्थापन गर्ने ।	स्वास्थ्य शाखा	शाखा प्रमुख	स्वास्थ्य शाखा	१ वर्षभित्र	पर्ने

४.२.३	परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसङ्ख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।	स्वास्थ्य शाखा	शाखा प्रमुख	स्वास्थ्य शाखा	चालु आ.व. भित्र	पर्ने
४.२.४	महिला, गरीब, निमुखा र वञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजिकरण तथा सहयोग गर्ने कार्यक्रम तर्जुमा गरी यथेष्ट बजेटको व्यवस्था गर्ने ।	स्वास्थ्य शाखा	प्रमुख प्रशासकीय अधिकृत	स्वास्थ्य शाखा	चालु आ.व. भित्र	पर्ने
४.३	शिक्षा कार्यक्रम					
४.३.१	स्थानीय तहले आफ्नो पालिकाभित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाउने ।	शिक्षा शाखा	प्रमुख प्रशासकीय अधिकृत	शिक्षा शाखा	१ वर्षभित्र	नपर्ने
४.३.२	स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरण परेका समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोशाक उपलब्ध गराउन छात्रबृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रवन्ध मिलाउने ।	शिक्षा शाखा	प्रमुख प्रशासकीय अधिकृत	शिक्षा शाखा	२ वर्षभित्र	पर्ने
४.३.३	निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गर्ने । (जस्तै अभिभावक शिक्षा, प्रौढ तथा किशोरी शिक्षा, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, वच्चा देखि वच्चा कक्षा आदि)	शिक्षा शाखा	प्रमुख प्रशासकीय अधिकृत	शिक्षा शाखा	१ वर्षभित्र	पर्ने
४.३.४	विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरी छात्राको लागि प्याड र	शिक्षा शाखा	शाखा प्रमुख	शिक्षा शाखा	१ वर्षभित्र	पर्ने

	यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन गर्ने ।					
४.४	खानेपानी तथा सरसफाई					
४.४.१	गाउँपालिका/नगरपालिकामा सफा पिउने पानी, सफासंग हात धुने व्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था र स्यानिटाइजरको उपयोग गर्ने प्रबन्ध गर्ने ।	स्वास्थ्य शाखा	शाखा प्रमुख	स्वास्थ्य शाखा	चालु आ.व. भित्र	पर्ने
४.४.२	स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरूको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाई अभियान जस्ता कार्यक्रम सञ्चालन गर्ने ।	वडा कार्यालय	शाखा प्रमुख	वडा कार्यालय	चालु आ.व. भित्र	पर्ने
४.४.३	कुहिने नकुहिने घरायासी फोहर छुट्याउने व्यवस्था, फोहर सङ्कलन तथा विसर्जन, घरघरमा भान्साको फोहर र पानीबाट करेसाबारी तथा गमला र फूलबारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने ।	वातावरण शाखा	शाखा प्रमुख	वातावरण शाखा	१ वर्षभित्र	पर्ने
४.४.४	महिलाहरू बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरूको सक्रिय सहभागितामा आकाशेपानी सङ्कलन र भण्डारण, परम्परागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन गर्ने ।	वातावरण शाखा	शाखा प्रमुख	वातावरण शाखा	१ वर्षभित्र	पर्ने
४.५	स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन					

४.५.१	नगरपालिकाको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलकर सीपमूलक कार्यक्रमहरू राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने ।	योजना शाखा	शाखा प्रमुख	योजना शाखा	चालु आ.व. भित्र	पर्ने
४.५.२	नगरपालिकाले स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितिकरणमा परेका समुदायको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने ।	योजना शाखा	शाखा प्रमुख, नगर सभा	योजना शाखा	१ वर्षभित्र	पर्ने
४.५.३	ग्रामिण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिकहरू) र सामाजिक परिचालक तयार गर्ने (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी विषयमा) ।	योजना शाखा	नगर सभा	योजना शाखा	१ वर्षभित्र	पर्ने
४.५.४	गरीब र वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन गर्ने ।	सहकारी शाखा	शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत	सहकारी शाखा	१ वर्षभित्र	पर्ने
५	**सुशासन तथा उत्तरदायित्व (पूर्णाङ्क २०; प्राप्ताङ्कः १४.०)**					
५.१	सुशासन					
५.१.१	स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका विषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कार्यान्वयनमा ल्याउने ।	जनप्रतिनिधिहरु	नगर प्रमुख	कर्मचारीहरु	चालु आ.व. भित्र	पर्ने

५.१.२	स्थानीय तहले विधिको शासन व्यापक जनसहभागिता, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निष्पक्षता र महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरू कार्यान्वयनमा ल्याउने ।	जनप्रतिनिधि तथा कर्मचारीहरु	प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख, नगर उपप्रमुख, शाखा प्रमुख	कर्मचाारीहरु	६ महिनाभित्र	पर्ने
५.१.३	महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरूको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने ।	स्थानीय जनप्रतिनिधि कर्मचारी तथा सर्वसाधारण	नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर उपप्रमुख	सरोकारवाला सबं	३ महिनाभित्र	पर्ने
५.१.४	संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम बिनियोजना गरी कार्यक्रमहरू समयमै सम्पन्न गर्ने ।	महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा	कार्यपालिका, नगर सभा	सरोकारवाला सबं	६ महिनाभित्र	पर्ने
५.२	उत्तरदायित्व र जवाफदेहिता					
५.२.१	नगरपालिकाले नियमित रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने ।	स्थानीयवासी	प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख, नगर उपप्रमुख	प्रमुख प्रशासकीय अधिकृत	९ महिनाभित्र	पर्ने
५.२.२	नगरपालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा	स्थानीयवासी	नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख	प्रमुख प्रशासकीय अधिकृत	९ महिनाभित्र	पर्ने

	परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थितिमा गर्ने ।		प्रशासकीय अधिकृत			
५.२.३	नगरपालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका तर्फबाट नगरपालिकाले लिएको नीति र कार्यक्रम र सोको कार्यान्वयनका विषयमा आवाज उठ्ने वातावरण सिर्जना गरी यसरी उठेका प्रश्न उपर नगरपालिकाबाट सम्वोधन हुने वातावरण सिर्जना गर्ने ।	स्थानीयवासी	प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख, नगर उपप्रमुख	प्रमुख प्रशासकीय अधिकृत	९ महिनाभित्र	पर्ने
५.२.४	नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।	कर्मचारीहरु	प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, नगर प्रमुख	सरोकारबाला सबै	१ महिनाभित्र	नपर्ने
५.३	सूचना तथा सञ्चार					
५.३.१	नगरपालिकाले नियमित रूपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकलाई लक्षित गरी राखेका कार्यक्रम र बजेट सरोकारवालाले थाह पाउने गरी सार्वजनिक गर्ने ।	सरोकारवाला सबै	प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख, नगर उपप्रमुख	सूचान प्रविधि शाखा	३ महिनाभित्र	नपर्ने

५.३.२	नगरपालिकाले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने ।	प्रमुख प्रशासकीय अधिकृत	नगर प्रमुख, नगर उपप्रमुख	स्थानीय रेडियो टेलिभिजन	चालु आ.व. भित्र	पर्ने
५.३.३	नगरपालिकाले स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैङ्गिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने ।	सबै सरोकारवाला	नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत	स्थाानीय सूचना सञ्चार माध्यम	६ महिनाभित्र	पर्ने
५.३.४	स्थानीय स्तरमा महिला बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिबासी जनजाति दलित मधेशी मुस्लिम पिछडावर्ग) अपाङ्गता भएको व्यक्तिहरू जेष्ठ नागरिक लगायत अन्य लक्षित समूहहरूको सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतना बृद्धि गर्ने ।	सबै सरोकारवाला	प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख, नगर उपप्रमुख	स्थानीय सरकार	३ महिनाभित्र	पर्ने
५.४	अनुगमन र मूल्याङ्कन					
५.४.१	कार्यक्रम तथा परीयोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पुरा लाभ लिने वातावरण सिर्जना गर्ने ।	कर्मचारी	कार्यपालिका	कर्मचारी	६ महिनाभित्र	पर्ने
५.४.२	नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ असर र प्रभाव विश्लेषण गर्ने ।	सम्बन्धित शाखा	नगर उपप्रमुख, नगर प्रमुख	सम्बन्धित शाखाका कर्मचारीहरु	९ महिनाभित्र	पर्ने
५.४.३	नगरपालिकाको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम,	सरोकारवाला सबै	नगर प्रमुख, नगर उपप्रमुख	सम्बन्धित शाखाका कर्मचारीहरु	चालु आ.व. भित्र	पर्ने

	पिछडावर्ग) अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने ।					
५.४.४	के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू । कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ?	सम्बन्धित शाखा	नगर प्रमुख, नगर उपप्रमुख	कर्मचाारी	६ महिनाभित्र	
५.५	समन्वय र सम्बन्ध बिस्तार					
५.५.१	स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेको नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने ।	स्थानीय सरकार	नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत	स्थानीय सरकार	९ महिनाभित्र	पर्ने
५.५.२	अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने ।	सम्बन्धित शाखा	नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत	कर्मचाारी	चालु आ.व. भित्र	पर्ने
५.५.३	लैङ्गिक समानता तथा समावेशी विकासको लागि । विभिन्न सरोकारवाला निकायहरू बीच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने ।	कर्मचारीहर	नगर प्रमुख, नगर उपप्रमुख	सम्बन्धित शाखा	९ महिनाभित्र	पर्ने
५.५.४	महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त	महिला तथा बालबालिका शाखा	कार्यपालिका	महिला तथा बालबालिका शाखा	चालु आ.व. भित्र	पर्ने

	राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा नगरपालिकाको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने					

३.५ असल अभ्यास, अवसर र चुनौतिहरू

३.५.१ असल अभ्यासहरू

१) नगरपालिका तथा मातहतका नव निर्मित संरचना तथा भौतिक पूर्वाधारहरू अपाङ्गता तथा बालमैत्री भएको,

२) नगरपालिका परिसरमा गर्भवती महिला तथा सुत्केरी महिलाको उद्दारका लागि समेत लक्षित गरेर हेलीप्याड निर्माण गरिएको,

३) लैस-अ-सास प्रबर्द्धनका लागि वैश्विक अभ्यासका अलावा सङ्घीय तथा प्रादेशिक पद्धतिहरूलाई स्थानीयकरण गर्नेतर्फ उन्मुख रहेको,

४) लैस-अ-सास कार्यान्वयनका लागि लैस-अ-सास कार्यान्वयन समिति गठन गरिएको,

५) लैस-अ-सासका विषय संवोधनका लागि लैस-अ-सास सम्पर्क शाखाका रूपमा महिला, बालबालिका तथा जेष्ठनागरिक शाखा तथा सम्पर्क व्यक्तिका रूपमा शाखा प्रमुखलाई तोकी कार्यान्वयन सुरु गरिएको,

६) महिला हिंसा विरुद्धको दिवसमा स्थानीय तहमा विदा दिने नीतिगत व्यवस्था भएको,

७) लैस-अ-सास कार्यान्वयन गर्नका लागि आंशिक रूपमा भए पनि नीति, योजना तथा कार्यक्रम तर्जुमा भएको,

८) लैस-अ-सास परिक्षणका सूचकहरूमा रहेका नीतिगत तथा कार्यक्रमहरूलाई कुनै न कुनै तवरले भए पनि संवोधन भइरहेको।

९) नगरपालिकाको वडा नं ४ लाई बालमैत्री वडा घोषणा गरिएको

१०) नगरपालिकामा व्यवस्थित स्तनपान कक्ष स्थापना गरी सञ्चालनमा ल्याइएको

११) अपाङ्गता सचेतना तथा अपाङ्गता भएका व्यक्तिहरूको जानकारी सम्बन्धमा हाते पुस्तिका प्रकाशन

१२) चालु आ.व.का लागि तय गरिएका ११८ वटा नीतिहरू मध्ये जम्मा २७ वटा अर्थात् २२.८८ प्रतिशत लैस-अ-सास निर्दिष्ट नीतिहरू प्रस्ताव गरिएको,

१३) GEDSI क्षेत्रमा पर्याप्त बजेट विनियोजन भई लैङ्गिक समानता र समावेशीकरणलाई प्राथमिकता दिइएको,

१४) लैङ्गिक हिंसा कोष स्थापना तथा बालमैत्री वडा/नगर कार्यक्रम सञ्चालन,

१५) सहभागितामूलक योजना छनौट र समावेशी कर्मचारी व्यवस्थापनको अभ्यास भएको,

१६) न्यूनतम ज्याला सुनिश्चित गर्ने पहल भएको

१७) लैङ्गिकमैत्री पूर्वाधार निर्माण र गर्भवती महिलाको स्वास्थ्यमा प्राथमिकता भएको

१८) विपन्न बालबालिकाका लागि निःशुल्क सेवा (खाजा, शिक्षा आदि) व्यवस्था भएको,

१९) महिला तथा वञ्चित समूहका लागि सिपमूलक तथा स्वरोजगार कार्यक्रम सञ्चालन भएको,

२०) सरसफाइ तथा आधारभूत सेवा प्रवाहमा सुधार भएको,

२१) स्थानीय कानुन निर्माण र प्रभावकारी कार्यान्वयन भएको,

२२) आचारसंहिताको पालना तथा अनुगमन/मूल्यांकन प्रणालीको अभ्यास भएको,

२३) जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास र GEDSI बजेट विनियोजन भएको,

२४) क्षमता विकास कार्ययोजना तथा तालिम कार्यक्रम सञ्चालन भएको,

२५) विपद् व्यवस्थापनमा समावेशी दृष्टिकोण अपनाइएको।

३.५.२ *अवसरहरू*

यस मण्डनदेउपुर नगरपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा देहायका अवसरहरू रहेको अवगत भएको छः

- नेपालको संविधान , स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य संघीय तथा प्रादेशिक नीति र कानूनहरूले लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवधारणालाई आत्मसात गरी कानूनतः लागू गरेको ।
- मण्डनदेउपुर नगरपालिकालाई कार्यक्षेत्र बनाएर विभिन्न सामाजिक संघ संस्थाहरूले लैङ्गिक केन्द्रित कार्यक्रमहरू लागू गरेका ।
- नगरपालिकामा निर्वाचित पदाधिकारीहरू रहेको र स्थानीय नीति, ऐन र कार्यविधिहरू तयारी र लागू गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले लैस-अ-सास विकासका स्थान सापेक्ष नीति, ऐन र कार्यविधिहरू लागू गर्ने अवसर रहेको ।
- भौगोलिक दृष्टिले राजधानी राजधानीको नजिक र अरनिको राजमार्गबाट नजिकै अवस्थित रहेको ।
- GEDSI मैत्री भवन आचारसंहिता लागू गर्ने सम्भावना
- कार्यपालिका र नगरसभाको सकारात्मक नीति समर्थन
- संघ तथा प्रदेश सरकारबाट मार्गदर्शन र बजेट प्राप्त हुने अवसर
- सार्वजनिक कार्यालयहरूलाई बाल तथा अपाङ्गमैत्री बनाउने पहल
- डिजिटल लर्निङ र प्रविधिमार्फत क्षमता विकास विस्तार
- दक्ष प्रशिक्षकको प्रयोगमार्फत प्रभावकारी तालिम सञ्चालन
- महिला तथा वञ्चित समुदायको सशक्तीकरणमार्फत रोजगारी सिर्जना
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गर्ने अवसर
- संघ/प्रदेशसँग समन्वय गरी शिक्षा र पूर्वाधार विकास
- उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धनका लागि साझेदारी
- गैरसरकारी संस्थासँग सहकार्य र जनगुनासो व्यवस्थापन प्रणाली सुदृढीकरण
- प्राप्त नीति/निर्देशनहरूको प्रभावकारी कार्यान्वयन

३.५.३ *समस्या तथा चुनौतिहरू*

यस मण्डनदेउपुर नगरपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा देहायका चुनौतिहरू रहेको विश्लेषण गरिएको छः

<u>समस्याहरू</u>

- मानव संसाधन विकास केन्द्र/एकाइको अभाव
- लक्षित समूहका लागि लोकसेवा तयारी कक्षा सञ्चालन नभएको
- दक्ष प्रशिक्षक तथा पर्याप्त बजेटको कमी
- GEDSI क्षेत्रमा बजेट अझै अपर्याप्त

- आवश्यक तथ्याङ्क (data) को अभाव
- न्यूनतम ज्याला कार्यान्वयनमा कानुनी कमजोरी
- सहभागितामूलक योजना पूर्ण समावेशी हुन नसकेको
- सबै सेवा प्रदायकलाई GEDSI मैत्री बनाउन नसकिएको
- स्वास्थ्य तथा शिक्षा सेवाको गुणस्तरमा सुधार आवश्यक
- विद्यालय छोड्ने दर उच्च र शिक्षा पहुँच सीमित
- सिपमूलक कार्यक्रम विस्तारमा बजेट अभाव
- लैङ्गिक बजेटिङ पूर्ण कार्यान्वयन नभएको
- कानुन समयानुकूल अद्यावधिक नभएको
- कर्मचारीबीच असमान कानुनी व्यवस्था
- स्थानीय भाषामा सूचना प्रवाहको कमी
- नीति निर्माणमा सरोकारवालाको अपर्याप्त सहभागिता
- सार्वजनिक सुनुवाइ/परीक्षण जस्ता प्रक्रियाको कमजोरी

चुनौती (Threats)

- स्वास्थ्य र शिक्षा क्षेत्रमा पर्याप्त पूर्वाधार तथा जनशक्ति अभाव
- सीमित बजेटका कारण कार्यक्रम कार्यान्वयनमा कठिनाइ
- अनिवार्य शिक्षा पूर्ण रूपमा लागू गर्न चुनौती
- स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न कठिनाइ
- आर्थिक सहयोग समयमै प्राप्त नहुनु
- सरोकारवालाबीच समन्वयको अभाव
- लक्षित वर्गको न्यून सहभागिता
- कार्यक्रमहरूको नियमित पुनरावलोकन नहुनु
- GEDSI सम्बन्धी बुझाइमा एकरूपताको अभाव
- नीति तथा कानुन निर्माण र कार्यान्वयनमा ढिलाइ
- आचारसंहिता पूर्ण कार्यान्वयन गर्न कठिनाइ
- राजनीतिक अस्थिरता र आर्थिक अभाव
- दक्ष जनशक्ति विदेश पलायन
- विकेन्द्रीकरण कार्यान्वयनमा समस्या
- सामाजिक कुप्रथा, विकृति र परम्परागत अवरोधहरू

भाग-४ निष्कर्ष र सुझावहरू

४.१ निष्कर्ष

यस मण्डनदेउपुर नगरपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको क्रममा नगरपालिकाले जारी गरेका स्थानीय नीति, ऐन, कार्यविधिहरू तथा अन्य कानुनी व्यवस्थाहरूको अध्ययन, वार्षिक नीति. कार्यक्रम तथा बजेट किताब र आवधिक वार्षिक प्रगति प्रतिवेदनहरूको अध्ययन गरी सहभागितामूलक विधिबाट सबै पदाधिकारी तथा कर्मचारीहरूको संलग्नतामा लैस-अ-सास परीक्षण कार्य सम्पन्न गरिएको थियो । यस क्रममा नगरपालिकाले लैस-अ-सासको क्षेत्रमा महत्वपूर्ण नीतिगत व्यवस्थाहरू तथा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइयो । उपलब्ध तथ्याङ्कअनुसार समग्र रूपमा संस्थाको GEDSI कार्यान्वयन अवस्था ७३.५ प्रतिशत रहेको देखिन्छ, जसले मध्यम स्तरको प्रगति भए पनि अझ सुधारको पर्याप्त सम्भावना रहेको संकेत गर्दछ। विषयगत क्षेत्रगत रूपमा हेर्दा संस्थागत व्यवस्था (८५%) सबैभन्दा सुदृढ पक्षका रूपमा देखिएको छ, जसले संगठनभित्र संरचना, प्रतिनिधित्व, समन्वय तथा व्यवस्थापन प्रणाली तुलनात्मक रूपमा राम्रो रहेको जनाउँछ। त्यसैगरी सेवा प्रवाह (७७.५%) पनि सन्तोषजनक अवस्थामा रहेको देखिन्छ, जसले नागरिक केन्द्रित सेवा, पूर्वाधार र पहुँचमा केही सकारात्मक सुधार भएको संकेत गर्दछ।

तर नीति, कानुन र योजना (६७.५%) तथा मानव संसाधन तथा क्षमता विकास (६७.५%) दुबै क्षेत्र मध्यम स्तरमा सीमित देखिएका छन्, जसले GEDSI दृष्टिकोणलाई नीति तथा योजना प्रक्रियामा पूर्ण रूपमा मूलधारमा ल्याउन र कर्मचारी/जनप्रतिनिधिको क्षमता अभिवृद्धिमा अझै ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ। यसैगरी सुशासन तथा उत्तरदायित्व (७०%) पनि सुधारोन्मुख भए तापनि सार्वजनिक सुनुवाइ, पारदर्शिता, जवाफदेहिता तथा सहभागितामूलक अनुगमन प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

यस विश्लेषणबाट संस्थागत संरचना बलियो भए पनि त्यसलाई नीति, योजना, मानव संसाधन विकास तथा सुशासनसँग अझ प्रभावकारी रूपमा जोड्दै समग्र GEDSI कार्यान्वयनलाई उच्च स्तरमा पुऱ्याउन केन्द्रित प्रयास आवश्यक रहेको स्पष्ट हुन्छ ।

त्यसैगरी, उपलब्ध नतिजाअनुसार आर्थिक वर्ष ०८०/०८१ देखि ०८१/०८२ सम्म GEDSI कार्यान्वयनको समग्र अवस्थामा उल्लेखनीय सुधार देखिएको छ। कुल प्राप्ताङ्क ६३.५ बाट बढेर ७३.५ पुगेको छ, जसले समग्र रूपमा सकारात्मक प्रगति भएको स्पष्ट पार्दछ।

विषयगत रूपमा विश्लेषण गर्दा संस्थागत व्यवस्था क्षेत्रमा सबैभन्दा ठूलो सुधार देखिएको छ, जहाँ अंक ११.० बाट बढेर १७.० पुगेको छ। यसले संस्थागत संरचना, समन्वय र व्यवस्थापन प्रणालीमा उल्लेखनीय सुदृढीकरण भएको जनाउँछ। त्यस्तै मानव संसाधन तथा क्षमता विकास (१०.५ बाट १३.५) र सेवा प्रवाह (१३.५ बाट १५.५) क्षेत्रमा पनि राम्रो प्रगति देखिएको छ, जसले क्षमता अभिवृद्धि र सेवा पहुँच तथा गुणस्तरमा सुधार भएको पाइन्छ ।

नीति, कानुन र योजना क्षेत्रमा सामान्य सुधार (१३.० बाट १३.५) मात्र देखिएको छ, जसले यस क्षेत्रमा अझ बढी ध्यान दिनुपर्ने आवश्यकता रहेको देखाउँछ। विपरीत रूपमा, सुशासन तथा उत्तरदायित्व क्षेत्रमा १५.५ बाट घटेर १४.० पुगेको देखिन्छ, जसले पारदर्शिता, जवाफदेहिता र सहभागितामूलक अभ्यासमा केही कमजोरी आएको पाइएको छ । यस समग्र विश्लेषणले संस्थागत सुधार र क्षमता विकासमा सकारात्मक उपलब्धि हासिल भए तापनि नीति तथा सुशासनका पक्षहरूलाई थप सुदृढ गर्दै सन्तुलित प्रगति कायम गर्न आवश्यक भएको देखाउँछ ।

लैस-अ-सास परीक्षणका १०० वटा उपसूचकहरूमा राम्रो प्रगति देखिएका उपसूचकहरूलाई निरन्तरता तथा अद्यावधिक गर्दै लैजानु पर्ने, आंशिक र न्यून प्रगति भएका उपसूचकहरूमा नगरपालिकाले कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसकारण यस प्रतिवेदनमा मार्गदर्शनको रूपमा कार्ययोजना समेत तयार गरी समावेश गरिएको छ। चालु तथा आगामी आर्थिक वर्षहरूमा लैस-अ-सास परीक्षणले देखाएका क्षेत्रहरू र सुझावहरूलाई कार्यान्वयन गरी लैस-अ-सास मैत्री नगरपालिकाको रूपमा विकास हुने अपेक्षा गरिएको छ।

४.२ सुझाव तथा सिफारिसहरू

यस नगरपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गर्ने क्रममा प्राप्त भएका तथ्य र तथ्याङ्क तथा अभ्यासहरूको आधारमा देहाय अनुसारका सुझाव तथा सिफारिसहरू पेश गरिएको छ:

४.२.१. *सुझावहरू*

क- नीतिगत सुझाव

• नीति, कानून तथा योजनाको तर्जुमा प्रक्रियामा लक्षित वर्गको सार्थक र अनिवार्य सहभागिता सुनिश्चित गर्ने स्पष्ट प्रावधान राख्ने

• सबै स्थानीय नीति, कानून तथा योजनामा GEDSI दृष्टिकोण mainstreaming अनिवार्य रूपमा समावेश गर्ने

• लैङ्गिक उत्तरदायी बजेटिङ (GRB) लाई नीति स्तरमै अनिवार्य गरी कार्यान्वयन मापदण्ड तय गर्ने

• महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा वञ्चित समुदायमाथि हुने विभेद तथा हिंसा रोक्न कडा कानुनी व्यवस्था र प्रभावकारी सुनुवाइ संयन्त्र विकास गर्ने

• न्यूनतम ज्याला, श्रम अधिकार तथा आप्रवासी/रैथाने कामदारको अधिकार संरक्षण सम्बन्धी नीति स्पष्ट बनाउने

• विपद व्यवस्थापन नीति मा महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिका लागि विशेष समावेशी प्रावधान अनिवार्य गर्ने

• सूचना प्रवाह स्थानीय भाषामा गर्ने नीति लागू गर्ने

• शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा लक्षित समूह केन्द्रित नीतिहरू निर्माण र कार्यान्वयन गर्ने

• स्थानीय कानूनहरूलाई समयानुकूल अद्यावधिक र समावेशी बनाउने

ख- संस्थागत सुझाव

• नगरपालिकामा स्थापना गरिएको GEDSI इकाई वा लैङ्गिक डेस्कलाई सबलीकरण गरी जिम्मेवारी स्पष्ट गर्ने

• मानव संसाधन विकास केन्द्र/एकाइ स्थापना गरी नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

• प्रत्येक वडाहरूमा GEDSI फोकल पर्सन तोकी भूमिका स्पष्ट गर्ने

• सबै समिति, उपसमिति र कार्यदलमा कम्तीमा ४०% महिला तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने

• खण्डीकृत तथ्याङ्क सहितको डेटा व्यवस्थापन प्रणाली (MIS) विकास गरी योजना र बजेटमा प्रयोग गर्ने

• सेवा प्रदायक निकायहरूलाई GEDSI मैत्री बनाउन नियमित तालिम, अनुगमन र मूल्याङ्कन गर्ने
• सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा गुनासो व्यवस्थापन प्रणाली सुदृढ गर्ने
• संघ, प्रदेश, निजी क्षेत्र तथा गैरसरकारी संस्थासँग समन्वय र साझेदारी संयन्त्र मजबुत बनाउने
• अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई परिणाममुखी (Result-based M&E) बनाउने

ग - कार्यक्रमगत सुझाव

• लक्षित समूहका लागि सिप विकास, उद्यमशीलता र स्वरोजगार कार्यक्रमहरू विस्तार गर्ने
• विद्यालय छोड्ने दर घटाउन छात्रवृत्ति, खाजा, पोशाक तथा अभिभावक सचेतना कार्यक्रमलाई थप सुदृढ गर्ने,
• लोकसेवा तयारी कक्षा सञ्चालन गरी वञ्चित समुदायको प्रतिनिधित्व वृद्धि गर्ने
• लैङ्गिक हिंसा न्यूनीकरण तथा कानुनी साक्षरता कार्यक्रम नियमित सञ्चालन गर्ने
• स्वास्थ्य, पोषण, प्रजनन स्वास्थ्य र स्वास्थ्य बीमा कार्यक्रमहरू लक्षित वर्गमा केन्द्रित गर्ने
• बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री सार्वजनिक सेवा र पूर्वाधार विकास कार्यक्रम विस्तार गर्ने
• रोजगारी सिर्जना कार्यक्रम (स्थानीय उद्यम, कृषि, सहकारी) सञ्चालन गर्ने
• विपद व्यवस्थापनमा समावेशी अभ्यास (तथ्याङ्क, राहत वितरण, सहभागिता) लागू गर्ने
• डिजिटल लर्निङ र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने
• सूचना, शिक्षा तथा सञ्चार कार्यक्रममार्फत सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने

२.२.१ सिफारिसहरू

क- नीतिगत सिफारिस

• GEDSI सम्बन्धी एकीकृत नीति तथा दीर्घकालीन रणनीति (५-१० वर्ष) तर्जुमा गर्ने
• सबै नीति, योजना तथा कार्यक्रमहरूमा अनिवार्य GEDSI परीक्षण लागू गर्ने
• लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता नीति कार्यान्वयन गर्ने
• अनिवार्य शिक्षा, स्वास्थ्य सेवा तथा सामाजिक सुरक्षा नीति प्रभावकारी रूपमा लागू गर्ने
• बालमैत्री स्थानीय शासन (CFLG) र GEDSI एकीकृत नीति लागू गर्ने
• स्थानीय कानूनहरूलाई समयानुकूल अद्यावधिक र समावेशी बनाउने
• विकेन्द्रीकरण कार्यान्वयनका लागि स्पष्ट मार्गदर्शन, स्रोत र संरचना सुदृढ गर्ने

ख- संस्थागत सिफारिस

• नगरपालिकामा GEDSI इकाई औपचारिक रूपमै स्थापना गरी थप जनशक्ति व्यवस्थापन गर्ने
• क्षमता विकास वार्षिक योजना (Capacity Development Plan) तयार गरी अनिवार्य रूपमा कार्यान्वयन गर्ने
• सबै वडा तथा स्वास्थ्य संस्थाहरूमा GEDSI फोकल पर्सन नियुक्ति र जिम्मेवारी निर्धारण गर्ने
• समावेशी डेटा प्रणाली स्थापना गरी नियमित अद्यावधिक गर्ने
• समिति/उपसमितिमा समावेशी प्रतिनिधित्व कानुनी रूपमा अनिवार्य गर्ने

• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन नियमित सार्वजनिक गर्ने
• समन्वय समितिहरू सक्रिय बनाउने र अन्तरनिकाय सहकार्य सुदृढ गर्ने

ग - कार्यक्रमगत सिफारिस

• GEDSI लक्षित कार्यक्रमका लागि छुट्टै बजेट शीर्षक स्थापना गर्ने
• प्रत्येक वडामा बालमैत्री तथा लैङ्गिकमैत्री कार्यक्रमहरू विस्तार गर्ने
• महिला तथा युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना गर्ने
• बिचैमा विद्यालय छोड्ने दर न्यूनीकरण अभियान सञ्चालन गर्ने (भर्ना, परामर्श, प्रोत्साहन)
• लैङ्गिक हिंसा पीडित सहायता केन्द्र स्थापना गर्ने
• स्वास्थ्य बीमा, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमहरू प्रभावकारी बनाउने
• खानेपानी तथा सरसफाइ कार्यक्रमहरूमा समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने
• विपद व्यवस्थापन कोष तथा समावेशी राहत प्रणाली सुदृढ गर्ने
• कानुनी साक्षरता, महिला सशक्तीकरण र सामाजिक कुरीति अन्त्य कार्यक्रमहरू नियमित सञ्चालन गर्ने
• सूचना प्रवाह (स्थानीय भाषा, रेडियो, डिजिटल माध्यम) मार्फत जनचेतना अभिवृद्धि गर्ने

अनुसूचि १: लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समूहहरू

१. **नीति, कानून र योजना**

१. संयोजक —दिपेन्द्र लामा तामाङ
२. सदस्य — सावित्रा दमाई
३. सदस्य — हर्क बहादुर लामा
४. सदस्य - चन्द्रमणि पौडेल
५. सदस्य — परमात्माराम पराजुली
६. सदस्य — जानुका नेपाल
७. सदस्य - सचिव — पुष्पराज बजगाइँ

२. **संस्थागत व्यवस्था**

१. संयोजक — सोमप्रसाद ढकाल
२. सदस्य — पुरुषोत्तम बजगाईं
३. सदस्य — राजकुमार पराजुली
४. सदस्य - ईश्वर घोरासाइने
५. सदस्य - उरुषा घिमिरे
६. सदस्य - सचिव — काशीनाथ नेपाल

३. **मानव संसाधन तथा क्षमता विकास**

१. संयोजक — निरञ्जन विष्ट
२. सदस्य — रिता रोक्का
३. सदस्य -कुमार तामाङ
४. सदस्य — विक्रम थापा
५. सदस्य — सिर्जना बराल
६. सदस्य — जानकी देवी मिश्र
७. सदस्य — सचिव डा. सुरेश श्रेष्ठ

४. **सेवा प्रवाह**

१. संयोजक - राजकुमार मल्ल
२. सदस्य — सन्तोष ढकाल
३. सदस्य — विकास राई
४. सदस्य — मैयादेवी तिवारी
५. सदस्य - सपना खोटेजा
६. सदस्य - दीपक घिमिरे

७. सदस्य - हरि भुषाल

८. सदस्य - सङ्गीता कुमारी

९. सदस्य सचिव — विनोद कार्की

५. सुशासन तथा उत्तरदायित्व

१. संयोजक — विष्णु प्रसाद पौडेल

२. सदस्य — मैतेसिंह तामाङ

३. सदस्य — सुनकुमारी तामाङ

४. सदस्य — टेक बहादुर तामाङ

५. सदस्य — मनोज तिमल्सिना

६. सदस्य — कृष्णराज श्रेष्ठ

७. सदस्य सचिव — स्वस्तिका दाहाल

अनुसूचि २: लैस-अ-सास परीक्षण गोष्ठीको उपस्थिति



आज मिति २०८२ साल चैत्र २४ गतेका दिन मस मण्डनदेउपुर नगरपालिकाको कार्यालयमा मण्डनदेउपुर नगरपालिकाको आगोजनाबाट्रोडिङ समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण परिक्षण (GEDSI Audit) आदि मूल्यांकन कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत श्री जगत कुमार घिमिरे ज्यूको अध्यक्षतामा सञ्चालन गरि सम्पन्न गरियो, उपस्थिति:

क.स	नाम थर	पद/संस्था	दस्तखत	कैफियत
१.	जगत कुमार घिमिरे	प्र.प्र.अ.		
२.	पुष्पराज भण्डारी	लेखा अधिकृत		
३.	विनोद कार्की	शिक्षा अधिकृत		
४.	कान्छीनाथ नेपाल			
५.	विष्णु कुमार अधिकारी			
६.	दिपक कुमार घिमिरे	अ.इ.		
७.	चन्द्रमणी पौडेल	स.ले.प.		
८.	मनोज तिमल्सिना	कृषि प्रसार		
९.	कृष्ण राज श्रेष्ठ	एक आइ स्टार अधिकृत		
१०.	स्वस्तिक्य दाहाल	प्रशासन शाखा		
११	रामहरी बोगटी	सिविल शाखा		
१२.	सृजना बराल पौडियाल	शिक्षा शाखा		
१३.	उरूषा घिमिरे	पशु शाखा		
१४.	संगीता कुमारी सदना सर्वज्ञा	कृषि शाखा		
१५		प्राविधिक शाखा		
१६.	नलिनी घिमिरे	प्राविधिक		
१७.	डा. सुरेश श्रेष्ठ	मै.अ		
१८.	जानुका नेपाल	स्वा.प.		
१९.	हरि अर्यल	प्राविधिक		
२०.	दुर्गा देवी	का.स.		
२१.	सुरसंग मुस्लमान	का.स.		
२२	सानत तिमल्सिना	का.स.		
२३.	लाल बा मापकोटी	का.म.		
२४.	उमेश पुरेवर	का.A./गोड		
२५.	रिता बाडवा	का.ग		
२६				

आज मिति २०८२ साल चैत्र २३ गतेका दिन यस मण्डलेश्वर नगरपालिकाको आमन्त्रणानुसार लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिषद्का पूर्वाधारविकास कार्यक्रमको यस नगरपालिका प्रमुख श्री रोड बहादुर काइला ज्यूको अध्यक्षतामा कार्यपालिका हलमा सञ्चालन गरिएको तपसिलको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति

क्र.सं.	नाम थर	पद	दस्तखत	कैफियत
१.	रोड बहादुर काइला			
२.	विष्णुमनी नेपाल			
३.	पुष्पकमल बजगाईं	३ नं. वडा अध्यक्ष		
४	अमृत कुमार समझोली	वित्त प्र.प्र.अधिकृत		
५.	रामकुमार मल्ल			
६.	मोती सिं तामाङ	वडा नं ४ अध्यक्ष		
७	हर्क बहादुर तमाङ			
८.	सोम प्रसाद दवडल			
९.	विष्णु प्रसाद पौडेल			
१०.	निराजन विष्ट	९ नं. वडा अध्यक्ष		
११.	रोड बहादुर तमाङ	६ नं.		
१२.	कुमार तमाङ			
१३.	दिपेन्द्र लामा			
१४.	राज कुमार पराजुली	१२ नं. वडा अध्यक्ष		
१५.	मैया देवी तिवारी		मैया	
१६.	सावित्रा दमाई		सावित्रा	
१७.	रिता रोकाया			
१८.	विनय राई			
१९.	प्रेम बहादुर वि.क			
२०.	सुर्य बहादुर राई			
२१.	स्वस्तिका दाहाल	प्रशासन सहायक		
२२.	भेषराज पराजुली	आर्थिक प्रशासन शाखा		
२३.	मनोज तिमल्सिना	कृषि अधिकृत		
२४	विनोद कार्की	शिक्षा अधिकृत		
२५	विवेक कुमार लिम्बु	खरा शाखा		



२४	उषा धिमिरे	पशु चिकित्सक	
२६	परमात्माराम पराजुली	कानूनी सल्लाहकार	
२८	पुष्पराज बज्राचार्य	ले. अ.	
२८	चन्द्रमणि पाँडेल	अ. ले. प.	
२९.	जानुका गोपाल	ना. प.	
३०.	हरी भुवाल	अधिकृत	
३१.	संगीता भुसाल	कृषि प्राविधिक	
३२.	सपना खतिवडा	सहायक इन्जिनियर	
३३.	सन्तोष कोइराला	वडा सदस्य	
३४.	सृजना बराल	प्रा. स. शिक्षा	
३५.	डा. सुरेश्वर श्रेष्ठ	मेडिकल अधिकृत	
३६.	सरला खोसोहे	रोजगार संयोजक	
३७	जानकी देवी मिश्र	महिला आयोग प्रतिनिधि	
३८	दुर्गा श्रेष्ठ	का.स.	
३९	नविन धिमिरे	प्राविधिक	

अनुसूचि ३: मण्डनदेउपुर नगरपालिकामा लैस-अ-सास प्रबर्द्धनका लागि भएका केही प्रयासहरू

लैससास मैत्री बनाउन निर्माण गरिएका च्याम्प सहितको पूर्वाधार संरचना

गर्भवती तथा सुत्केरी महिला समेतका लागि लक्षित गरी निर्माण गरिएको हेलीप्याड

लैससास पहुँच बनाउन निर्माण गरिएको लिफ्ट

लैससास सम्पर्क शाखाको फोटो

लैससास मैत्री शौचालयको व्यवस्था

११०

गढडगदेउपुर नगरपालिका
बालअधिकार सम्बेका सरोकार

स्तनपानले जीवनभर सुरक्षा गर्छ
BREASTFEEDING ROOM
(स्तनपान कक्ष)



स्तनपानको महत्व


मण्डनदेउपुर नगरपालिका
अपाङ्गता भएका
व्यक्तिहरुको
हाते पुस्तिका
महिला, बालबालिका तथा
जेष्ठ नागरिक शाखा

अनुसूचि ४: लैस-अ-सास परीक्षण कार्यशाला गोष्ठीका तस्बीरहरू